विषय सूची

सि.नं.	शीर्षक	लेखक	पृष्ठ
	नेपाली खण्ड		
१	लेखापरीक्षणमा सार्वजनिक खरिद सम्बन्धी समितिका निर्णयको प्रमाण र परीक्षण	श्री जनकराज गौतम	७
२	सरकारको नियाम भूमिकाको कार्यमूलक लेखापरीक्षण : कार्यक्षेत्र र पद्धति	श्री राम बाबु नेपाल	१८
३	सामाजिक परीक्षण, वित्तीय जवाफदेहिता र लेखापरीक्षण	श्री रमेश ढकाल	२९
४	नेपालमा सार्वजनिक सेवा प्रवाहको अवस्था र स्थिति सुधारका उपायहरु	श्री गम्भीर बहादुर हाडा	४२
	अंग्रेजी खण्ड		
५	Overview of ISSAI Compliance Assessment Tools in Nepal	Mrs. Ram Maya Kunwar	६५
६	The Development Of Environment Performance Audits in Thailand	Dr.Sutthi Suntharanurak	७३
७	Citizen Engagement in Audit Process : New dimension of Performance auditing	Mr. Damodar Pudasainee	८९
८	IT Operations System	Mr. Ram Chandra Poudel	९७
९	Country Paper : The Role of SAIs in Sustainable Development	Mr. Ramuprasad Dotel	१०१
१०	Hanoi Declaration		१२०
११	Stakeholders Engagement Strategy: 2019-2023		१२४

सम्पादकीय

नेपालको संविधान बमोजिम एक स्वतन्त्र संवैधानिक निकायको रुपमा रहेको महालेखा परीक्षकले नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको दृष्टिकोणवाट तीनै तहका सरकारी कार्यालय, सुरक्षा निकाय, सवै प्रकारका अदालतहरु, संवैधानिक निकायहरुको लेखापरीक्षण गर्ने गरी जिम्मेवारी दिईएको छ । सार्वजनिक क्षेत्रको लेखापरीक्षण खास गरी वित्तिय पाटो (आम्दानी, खर्च) को मात्र जांच नभई समग्र सार्वजनिक क्षेत्रले जनतालाई प्रवाह गर्ने समग्र सेवाहरु समेत जांच गर्ने कार्यलाई समेटदछ ।

हाल संघीयताको कार्यान्वयनको चरण शुरु भई सकेको छ । जनप्रतिनिधिहरुले कानून बमोजिम श्रोत साधन संकलन गर्ने, ती श्रोत साधनहरुलाई राष्ट्रिय, प्रादेशिक तथा स्थानीय प्राथमिकताको आधारमा वस्तु तथा सेवा प्राप्तीमा उपयोग गर्नु पर्दछ । खास गरी स्थानीय तह र प्रदेश सरकारको तहमा आर्थिक कार्यप्रणालीलाई कानूनी र संस्थागतरुपमा सुदृढ गर्नुपर्ने अवस्था छ ।

समग्र राज्य व्यवस्थाको एक स्वतन्त्र संवैधानिक अंगको रुपमा महालेखापरीक्षकको कार्यालयले आफ्नो संवैधानिक तथा कानूनी जिम्मेवारी प्रभावकारी रुपमा सम्पन्न गर्न लेखापरीक्षणसँग सम्बन्धित विधि, तरिका र अभ्यासहरुलाई राष्ट्रिय र अन्तराष्ट्रिय असल अभ्यास समेतको आधारमा समय सापेक्ष र अद्यावधिक गर्दै लैजाने र बृहद नागरिक स्थार्थ र चासो अनुरुप कार्य गर्न सक्नु पर्दछ । मूख्यरुपमा निकायको उद्येश्य प्राप्त गर्न जोखिम पहिचान, मापन र मुल्यांकन गरी प्राथमिकता तयागरी आवश्यक पर्ने नियन्त्रण व्यवस्था तयार गर्ने, सो अनुरुप कार्यान्वयन गर्ने, अनुगमन, मूल्यांकनको व्यवस्था गर्ने कार्य निकायको नेतृत्वको हो । सवै सरकारी खर्च गर्ने तथा आय संकलन गर्ने ईकाईको लेखापरीक्षण नगरी सरकारी निकायहरुको कार्यसञ्चालनमा रहेको जोखिमको आधारमा वर्गिकरण गरी रणनैतिक तथा नियन्त्रक निकायहरुको तहमा लेखापरीक्षण गर्ने प्रणाली विकास गर्नु पर्ने देखिन्छ ।

कार्यालयको महत्व र आवश्यकता अविछिन्न रुपमा रहन्छ भन्ने कुरा सदैव कायम राख्न आफ्नै कार्यालयले गरेका कार्यहरुलाई अझ बढी जवाफदेही, पारदर्शी रुपमा गर्ने र उदाहरणीय व्यवहार प्रदर्शन गर्न अत्यावश्यक हुन्छ । यस सन्दर्भमा कार्यालयले गरेका कार्यहरुमा अधिकाधिक रुपमा सरोकारवालाको सहभागिता गराउने र आफ्नो कार्य, जिम्मेवारी र प्रतिवेदनवारे व्यापकरुपमा तल्लो तहसम्म पहुच विस्तार गर्नु पर्दछ । यस कार्यमा नागरिक सहभागिताले महत्वपूर्ण भूमिका खेल्न सक्दछ ।

विगतको केन्द्रीकृत शासन व्यवस्था अन्तर्गत केन्द्रमा राष्ट्रपति समक्ष वार्षिक प्रतिवेदन पेश गर्ने व्यवस्था रहेकोमा हाल संघीय संरचना अनुसार साविकमा राष्ट्रपति समक्ष पेश गरिदै आएको वार्षिक प्रतिवेदनका साथै महालेखा परीक्षकले प्रदेशका सम्वन्धमा गरेका लेखापरीक्षण कार्यको सम्वन्धमा प्रदेश प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्ने अवस्था छ । साथै स्थानीय तहको लेखापरीक्षणको प्रतिवेदन सम्वन्धित स्थानीय तहमा पेश गर्नु पर्दछ । यसरी तोकिएका संवैधानिक तथा कानूनी जिम्मेवारी निर्वाह गर्न कार्यालयले संस्थागत संरचना लगायत लेखापरीक्षणसँग सम्बन्धित विधि, तरिका र प्रणालीमा आवश्यक समायोजन गर्नु पर्दछ ।

धन्यवाद ।

नेपाली खण्ड

सार्वजनिक खरिदसम्बन्धी समितिका निर्णय र परीक्षण विज्ञता, जिम्मेवारीपूर्वक निर्णयका लागि समितिको क्रियाशिलता



जनकराज गौतम*

१.परिचय– समिति भन्नाले कुनै लक्ष्य तथा उद्देश्यसंग प्रतिवद्ध व्यक्तिहरुको समूह हो । एउटा व्यक्तिमा भएको एक्लो विचार भन्दा एउटै समूहमा आवद्ध भएर विषय वस्तुमा ध्यान केन्द्रित गरी एक-आपसमा छलफल गरी निर्णय गर्दा यथार्थ जानकारीको खोजी गर्ने,समन्वयको आवश्यकता महसुस गर्ने र सम्झौतामा आउने प्रयास समितिमा हुने गर्छ ।समितिका सहभागीहरुलेसदस्यप्रति सामान्य शिष्टाचार देखाउने, समिति प्रवन्धकीय कार्य गर्ने, निर्णय लिने, निर्णयका लागि सिफारिस गर्ने, सुझाव दिने र सूचना सङ्कलन मात्र गर्ने कार्यको लागि पनि गठन भएको हुन्छ । खासगरी line committee जिम्मेवार हुने भएकोले प्रवन्धकीय कार्य पनि गर्छ भने Staff committee बाटसल्लाह दिने कार्य गरी अधिकार प्राप्त अधिकारीले संयन्त्र मार्फत कार्यान्वयन गर्नेछ ।सार्वजनिक खरिद कार्यमा यी समितिलाई क्रियाशील बनाई ती समितिबाट सुझावसमेत लिई नियमानुसार जिम्मेवार बनाउने व्यवस्था मिलाउनु पर्नेछ । त्यसकारण, आदेश दिने पुरानो शैली भन्दा छलफलगरेर निर्णयमा पुग्ने शैली "Two heads are better than one" भन्ने सिद्धान्तबाट समितिको सृजना भएको हो । यस लेखमा सार्वजनिक खरिद कार्यमा समितिको जानकारी, गठनको आधार, बनावट र समितिबाट हुने कार्यको जानकारी राख्नु पर्ने थप व्यहोरा आदि प्रस्तुत गरिएको छ ।

सार्वजनिक खरिद सम्बन्धमा मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा २५० मा निर्माण सम्बन्धी काम वा अन्य काम गर्ने जिम्मा लिएको व्यक्तिले वा निजको तर्फबाट काम गर्ने कुनै व्यक्तिले बेइमानीको नियतले निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरी वा प्रयोग हुने मालको परिमाण घटी वा बढी पारी वा अन्य कुनै किसिमबाट निर्धारित गुणस्तर भन्दा फरक पारी निर्माण कार्य वा अन्य काम गर्न वा गराउन नहुने उल्लेख छ । यसबाट पनि सार्वजनिक खरिदमा संलग्न व्यक्ति, कार्यालय, व्यवसायी, निर्णयकर्ता, समन्वयकर्ता लगायत अझ महत्वपूर्ण पक्षको रुपमा रही कानूनी आधारमा गठन हुने समिति भने अझ बढी क्रियाशीलर सजग भएर सुझाव दिने र निर्णयका लागि सिफारिस गर्ने, जिम्मेवारी बमोजिम निर्णय लिन जरुरी देखिन्छ ।

*पूर्व उप महालेखापरीक्षक

२. समिति प्रणालीका अबधारणा– ऐन नियममा समितिहरुको गठन, काम, अधिकार, कार्यविधि र अवधि आवश्यकता अनुसार किटान गरिएको हुन्छ। कुनै समितिले तालुक मन्त्रालयको निर्देशन तथा अन्य प्रमाणको आधार लिनु पर्ने व्यहोरा उल्लेख छ। समितिको गठन प्रक्रिया, उद्देश्य, सदस्य संख्या, अधिकार र अन्य कार्यालयसंग सम्पर्क स्थापित गर्ने सम्बन्धमा नियमावलीमा प्रष्ट उल्लेख छ। त्यस्तै समितिबाट कुनै विषयमा निर्णय भए पछि सो निर्णयको जानकारी दिने, सूची पठाउने, आदेश दिने र निर्णय कार्यान्वयन गराउने जिम्मा समेत तोकिएको हुन्छ। एक अर्का सदस्यसंगको अन्तरक्रियाबाट समस्याको निराकरणमा मद्दत पुग्ने र सार्वजनिक खरिद कार्य एक्लोले मात्र गर्ने नभई सबै पक्षको सहभागिता जरुरी छ भन्ने सन्देश तस्वीरले बताउँछ। त्यसैले, व्यबस्थापन शास्त्रले मानिसलाई संयुक्त रुपमा कार्य सम्पादन गर्न सक्षम बनाउन सक्ने अबधारणा राखेको छ।



सार्वजनिक खरिदमा सहभागिता

३. समितिका सदस्य वीच जटिलता- समितिका सिद्धान्तमा समितिको मान्यता, सदस्य संख्या, प्रतिनिधित्व, अन्तरसम्बन्ध, अधिकार, सहयोग र कार्यको विषयलाईलिइएको छ। समितिको धारणा प्रजातान्त्रिक मुलुकको परिपाटी हो तापनि Autocracy व्यवस्था भएको मुलुकमा पनि समिति अत्याधिक उपयोग भएको पाइन्छ। कनै पनि निकायमा समितिहरु विभिन्न प्रकृतिका हुन्छन जस्तै सञ्चालक समिति, कार्यकारी समिति, सल्लाहकार समिति र वित्त समिति। त्यस्तै कर्मचारी कल्याण समिति, लेखापरीक्षण समिति, व्यवस्थापन समिति, सम्पत्ति मूल्याकन समिति, पारिश्रमिक निर्धारण समिति, तलव पुनरावलोकन समिति आदि छन। व्यवस्थापनमा आउनेसमस्या समाधानका लागि समिति आफ्नो क्षेत्राधिकार भित्र रहेर उपयुक्त निर्णय गरी

कार्य सञ्चालनमा सरल निकास दिन्छ। कुनै पनि समितिमा बस्ने सदस्यहरुसंग अनुभव, ज्ञान, विवेक रयोग्यताको आवश्यक पर्छ।साथै समितिमा धेरै सदस्य भन्दा थोरै सदस्य भएको समितिबाट नै धेरै कार्य हुने गरेको छ।



व्यबस्थापन शास्त्रले समूहको गतिशीलता सम्बन्धमा प्रस्तुत गरेकोसंक्षेपीकरण–"In a group, there is a sharing of ideas, views, experiences, knowledge and subject matters with a purpose of solving a problem.The sharing ideas on subject matters are discussed, analysed and organised to come to a conclusive decisions through harmony and they are adhered to group norms."बाट समिति मोडलको महत्व बारे जानकारी हुन्छ।

४. समितिका किसिम,उद्धेश्य र जिम्मेवारी– सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ का विभिन्न प्रावधान बमोजिम सार्वजनिक निकायमा सार्वजनिक खरिद सम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी र विश्वसनीय बनाउन समितिको माध्यमबाट सहयोग पुगोस भन्ने उद्धेश्यले विभिन्न समितिको पदाधिकारको संख्या र कार्य तथा जिम्मेवारीको विषयमा संक्षेपमा उल्लेख भएको छ। ती कानूनी आधार बमोजिम गठन हुने सबै समिति औपचारिक (formal) हुन। किनकी ती सबै समिति ऐन नियमबाट व्यवस्थित गरी ती समितिका बैठकहरुबाट हुने निर्णयका साथै सम्बन्धित पदाधिकारीका कर्तव्य, अधिकार र जिम्मेवारीको व्यवस्था समेतगरिएको छ।साथै सरकारी कार्यालय वीच वित्तीय अन्तरसम्बन्ध स्थापना गरी समस्याको समाधानमा एक अर्काका परिपूरक हुन्छन।

कानूनी दफा, नियम	**समितिमा पदाधिकारीको संख्या र समिति गठनको उद्धेश्य**	**कार्य, अधिकार र जिम्मेवारी**
ऐनको दफा ४१ **सोझै खरिदका लागि समिति गठन गर्ने**	सार्वजनिक निकायको हकमा देहाय बमोजिमको समितिको सिफारिसको आधारमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय भए बमोजिम खरिद गर्नु पर्नेछ। त्यस्तै अन्य सार्वजनिक निकायको हकमा भने सो निकायको सर्वोच्च कार्यकारी निकायबाट निर्णय भए बमोजिम खरिद गर्नुपर्नेछ :- (क) मुख्य सचिव, नेपाल सरकार - संयोजक (ख) सचिव, अर्थ मन्त्रालय - सदस्य (ग) सचिव, सम्बन्धित मन्त्रालय - सदस्य (घ) महालेखा नियन्त्रक - सदस्य	सोझै खरिद गर्नु पर्दा सार्वजनिक निकायले आफ्नो आवश्यकता, गुणस्तर, परिमाण, आपूर्तिको शर्त र समय सम्बन्धी लिखित विवरण, लिखित दररेट वा प्रस्ताव एकमात्र आपूर्तिकर्ता वा निर्माण व्यवसायी वा परामर्शदाता वा सेवाप्रदायकसँग माग गरी आवश्यकतानुसार वार्ता गरी खरिद गर्न सक्नेछ। तर यसरी खरिद गर्दा यस ऐन बमोजिम कुनै अधिकारीबाट स्वीकृति लिनु पर्ने भएमा पूर्व स्वीकृति लिएर र सम्झौता गरेर मात्र खरिद गर्नु पर्नेछ।
ऐनको दफा ४८ **सार्वजनिक खरिद पुनरावलोकन समिति**	बोलपत्रदाता वा प्रस्तावदाताले दिएको निवेदनउपर पुनरावलोकनको लागि अध्यक्ष र अन्य दुई जना सदस्यले तीन वर्षीय पदाविधिमा बहाल हुनु अघि तोकिए बमोजिमको विवरण कार्यालय मार्फत नेपाल सरकार समक्ष पेश गर्नेछन।	सार्वजनिक खरिदमा समितिले तोकिएको रकम भन्दा बढी रकमको खरिद कारबाही, समयभित्र निर्णय नदिएमा, निर्णयउपर चित्त नबुझेमा र खरिद सम्झौताको विषयमा परेको निवेदनलाई आधार लिएर निवेदन उपर पुनरावलोकन गर्नेछ।
नियमावलीको नियम१६ **खरिद महाशाखा, शाखा वा इकाईको स्थापना गरी खरिद अधिकारी तोक्नु पर्ने**	सार्वजनिक निकायले खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकृतिको आधारमा आवश्यकता अनुसार छुट्टै खरिद महाशाखा, शाखा वा इकाईको स्थापना गर्नु पर्नेछ। सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको निम्न अभिलेख जस्तै:– ● नमूना बोलपत्र सम्बन्धी कागजात	उक्त अधिकारीको अन्य काम, कर्तव्य तथा अधिकारका अतिरिक्त देहाय बमोजिमको कार्यसम्पादन गर्नु पर्नेछ :- ● खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरी अद्यावधिक राख्ने, ● खरिद कारबाहीसँग सम्बन्धित काममा समन्वय गर्ने तथा माग

	(स्ट्याण्डर्ड विडिङ्ग डकुमेन्ट), ● नमूना पूर्व योग्यता सम्बन्धी कागजात (स्ट्याण्डर्ड प्रिक्वालिफिकेशन डकुमेन्ट), ● नमूना खरिद सम्झौता सम्बन्धी कागजात (स्ट्याण्डर्ड कन्ट्र्याक्ट डकुमेन्ट) ● नमूना प्रस्ताव माग सम्बन्धी कागजात (स्ट्याण्डर्ड रेक्वेस्ट फर प्रपोजल) मा सामान्यतया सारभूतरुपमा फरक नपर्ने गरी आवश्यकता अनुसारखरिद महाशाखा, शाखा वा इकाईमा संलग्न पदाधिकारी वा टोलीले पूर्व योग्यता सम्बन्धी कागजात, बोलपत्र सम्बन्धी कागजात र खरिद सम्झौता सम्बन्धी कागजात तयार सम्बन्धी सिफारिस गर्ने र संलग्न हने समेतकार्य गर्न सक्ने छन ।	सङ्कलन गरी गर्ने, ● बोलपत्र वा प्रस्ताव खोल्ने समितिको संयोजक भई कार्य गर्ने, ● खरिद कारवाहीको अभिलेख राख्ने, ● म्याद थप, कार्य सम्पादन जमानत प्रतितपत्रको अभिलेख राख्ने । (घ) खरिद सम्बन्धी सूचना सार्वजनिक रुपमा प्रकाशन गर्ने, (च) पूर्व योग्यताको प्रस्ताव, बोलपत्र वा परामर्श सेवाको प्रस्ताव प्राप्त गर्ने (छ) पूर्व योग्यताको प्रस्ताव, बोलपत्र वा परामर्श सेवाको प्रस्तावलाई मूल्याङ्कन समितिमा पेशगर्ने र न्यूनत्तम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि यस समितिले सार्वजनिक निकायको प्रमुखलाई पेश गर्नेछ ।
नियम १३ **अन्य सेवाको लागत अनुमान**	सार्वजनिक निकायलाई भाडामा लिइने सवारी साधन, मेशीनरी औजार, उपकरण वा मालसामानको भाडा जस्ता अन्य सेवाका लागत अनुमान कार्यमा प्राविधिक जनशक्ति नभए तालुक कार्यालयले तीनजना दक्ष प्राविधिकहरुको एक समिति गठन गर्नुपर्नेछ । उक्त समितिले सवारी साधन, मेशीनरी औजार, उपकरण वा भाडाको लागत अनुमान तयार गर्नेछ ।	लागत अनुमान तयार गर्दा निम्न पक्ष विचार गर्नेछ :- ● भाडामा लिनु पर्ने सवारी साधन, मेशिनरी औजार, उपकरण वा मालसामानको विवरण, स्पेसिफिकेशन, अवस्था र आयु, ● प्रचलित बजार दर, ● भाडामा लिने अवधि, ● इन्धनको मूल्य र खपत, ● समितिले उपयुक्त ठहऱ्याएको अन्य विषय

नियम १९ **दुर्गम जिल्ला मा मुल्य अभिवृद्धि करको लागि समिति**	प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय- अध्यक्ष प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय- सदस्य अध्यक्षले तोकेको जिल्ला प्राविधिक कार्यालयको प्राविधिक- सदस्य प्रतिनिधि, जिल्ला उद्योग वाणिज्य संघ - सदस्य अध्यक्षले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य-सचिव समितिको सचिवालयको काम कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्नेछ ।	जिल्लामा उपलब्ध आपूर्तिकर्ताको सूचीबाट दश लाख रुपैयाँ सम्मको खरिद गर्न सक्नेछ । कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तयार भएको सूची सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्नेछ ।नेपाल सरकारले तोकेका दुर्गम जिल्लामा आन्तरिक राजस्व कार्यालयबाट कुनै पनि फर्म वा बिक्रेताले मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र नलिएकोमा आपूर्तिकर्ताको सूचीमा रहेका आपूर्तिकर्ताबाट खरिद गर्ने सम्बन्धी ।
नियम ५९ **बोलपत्र खोल्ने समितिको गठन गर्ने**	(१)सार्वजनिक निकायको प्रमुखले सार्वजनिक निकायमा दर्ता भएका बोलपत्र वा प्रस्ताव खरिद अधिकारीको संयोजकत्वमा बोलपत्र वा प्रस्ताव खोल्न कम्तीमा दुई जना सदस्य रहने समिति गठन गरी बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा पूर्वनिर्धारित समयमा बोलपत्र वा प्रस्ताव खोल्न लगाउनु पर्नेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र वा प्रस्ताव खोल्न बाधा पर्ने छैन । बोलपत्र खोल्नु अघि सार्वजनिक निकायले म्याद नाघी प्राप्त हुन आएको बोलपत्रको खाम, बोलपत्र फिर्ता वा संशोधन गर्नको लागि दिइएको निवेदनको खाम र रीतपूर्वक दर्ता भएका बोलपत्रको खामलाई छुट्याई म्याद नाघी प्राप्त हुन आएका बोलपत्रको नखोली सुरक्षित राख्नु पर्नेछ ।	मुचुल्कामा उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधिको दस्तखत गराउनु पर्नेछ :- ● बोलपत्रदाताको नाम र ठेगाना, ● बोलपत्रको कबोल अङ्क, ● बोलपत्रमा कुनै छुट दिन प्रस्ताव गरिएको भए सोको व्यहोरा, ● प्राविधिक स्पेसिफिकेशनको विकल्प प्रस्ताव गरिएको भए सोको कबोल अङ्क, ● बोलपत्र जमानत भए वा नभएको, ● अङ्क र अक्षरका बीच भिन्नता भए सो भिन्नताको विवरण, ● बोलपत्र फाराम (लेटर अफ बिड) र मूल्य सूची (प्राइस सेडचुल) मा बोलपबदाता वा निजको प्रतिनिधिको

		हस्ताक्षर भएको • बोलपत्र सम्बन्धी कागजातमा सच्याइएको वा केरमेट गरेको रकम र व्यहोरा, • सच्याइएको स्थानमा बोलपत्रदाता वा निजको प्रतिनिधिको हस्ताक्षर भएको ।
नियम ७६ **प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्न तरिका:**	मूल्याङ्कन समितिले प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्नको लागि सहयोग पुऱ्याउन सम्बन्धित विज्ञहरू सहितको तीन सदस्यीय उपसमिति गठन गर्न सक्नेछ । प्राविधिक प्रस्तावको मूल्याङ्कन कार्यमा अनुभव, कार्य सम्पादनको तरिका, कार्यशर्त, योग्यता, तालीम, सहभागिता आदि विचार गरेर मात्र अङ्क दिनु पर्नेछ । प्राविधिक प्रस्तावको मूल्याङ्कनको कार्य समाप्त भएपछि मात्र प्राविधिक प्रस्तावमा उत्तीर्णाङ्क प्राप्त गर्ने प्रस्तावदाताहरुको आर्थिक प्रस्ताव खोल्नु पर्नेछ ।	मूल्याङ्कन समितिका प्रत्येक सदस्यले मूल्याङ्कन गरी प्रस्तावदाताले प्राप्त गरेको अङ्क यकिन भएपछि सदस्यले प्रदान गरेको अङ्क गणना गरी औषत अङ्क निकाल्नु पर्नेछ । उत्तीर्ण सूचीमा रहेका प्रस्तावदाताको मात्र आर्थिक प्रस्ताव खोलिनेछ । • उत्तीर्णाङ्क प्राप्त गर्ने प्रस्तावदाताहरु मध्ये उच्चतम अङ्क प्राप्त गर्ने प्रस्तावदातादेखि क्रमैसंग तयार गर्नु पर्नेछ । • सूचीमा समावेश हुन नसकेका प्रस्तावदाताको प्रस्ताव नखोली सम्बन्धित प्रस्तावदातालाई फिर्ता गर्नु पर्नेछ ।
नियम ८८ **लागत अनुमानको तयारी र स्वीकृति – रासन खरिद सम्बन्धी व्यबस्था**	लागत अनुमान स्वीकृतिको लागि देहाय बमोजिमको समितिमा पेश गर्नु पर्नेछ :- (क) प्रमुख जिल्ला अधिकारी – अध्यक्ष (ख) प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय वा अधिकृत प्रतिनिधि –सदस्य (ग) प्रमुख, जिल्ला कृषि विकास कार्यालय- सदस्य	राशन व्यवस्था गर्नु पर्ने प्रत्येक सार्वजनिक निकायको प्रमुखले आफ्नो निकायको निम्ति स्वीकृत राशन दरवन्दी अनुसार प्रत्येक वर्षको भाद्र मसान्तभित्र नेपाल राष्ट्र बैंकबाट प्रकाशित उपभोक्ता मूल्यसूची, कृषि उपजको मूल्य निर्धारण गर्ने निकायको मूल्य सूची, सडक सुविधा, स्थानीय बजार दर तथा गत वर्षको खरिद सम्झौता दररेट तथा सार्वजनिक

	(घ)प्रतिनिधि,जिल्ला उद्योग वाणिज्य संघ-सदस्य (ङ) राशन व्यवस्था गर्नु पर्ने सार्वजनिक निकायको प्रमुख–सदस्य-सचिव लागत अनुमान स्वीकृत भएको जानकारी तालुक कार्यालय र सार्वजनिक खरिद अनुगमन कार्यालयमा सात दिनभित्र पठाउने छ ।	खरिद अनुगमन कार्यालयबाट कुनै निर्देशिका जारी भएको भए त्यस्तो निर्देशिकाको आधारमा लागत अनुमान तयार गर्नु पर्नेछ । समितिले यस नियम बमोजिम लागत अनुमान स्वीकृत गर्दा उल्लिखित कुरालाई आधार लिई नियमावलीको अनुसूची-६ बमोजिमको ढाँचामा स्वीकृत गर्नु पर्नेछ ।
नियम ९४ **सार्वजनिक निकायले भाडामा लिने घर जग्गाको भाडाको रकम निर्धारण गर्न**	प्रत्येक जिल्लामा देहाय बमोजिमको घर भाडा निर्धारण समिति रहनेछ :- (क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष (ख) प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय, - सदस्य (ग) प्रमुख, जिल्ला प्राविधिक कार्यालय-सदस्य (घ) घर जग्गा भाडामा लिने सार्वजनिक निकायको प्रमुख - सदस्य (ङ) जिल्ला प्रशासन कार्यालयको अधिकृत कर्मचारी-सदस्य-सचिव	घर भाडा निर्धारण समितिले पेश भएका प्रस्तावको मूल्याङ्कनका लागि देहायका आधारमा गरी घर जग्गाको भाडा निर्धारण गर्नेछः- ● घर जग्गा रहेको स्थान र बाटोको सुविधा, ● घर जग्गाको बनावट र क्षेत्रफल, ● भौतिक सुविधा, समितिको बैठकसम्बन्धी कार्यविधि आफैंले निर्धारण गर्नेछ। काठमाडौं उपत्यकामा १५ दिने र उपत्यका बाहिर ७ दिने सूचना दिने ।
नियम ९७ **उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने**	उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यमा समूदायमा गएर समूहगत रुपमा छलफलगराई निजहरुबाट छनौट भएका मानिसहरुको समूह बनाउने । उक्त कार्यको लागत अनुमानमा मुल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम, जनसहभागिताको अंश समावेश हनेछ ।	एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यर्होने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरू खुलाई सूचना प्रकाशनबाट प्रस्ताव माग गर्ने वा समिति आफैले प्रस्ताव पेश गर्नेछ ।

नियम ११५ **खरिद सामानको निरीक्षण वा परीक्षण**	सार्वजनिक निकायले निरीक्षण वा परीक्षण गर्ने प्रयोजनका लागि एक वा एक भन्दा बढी निकाय वा अधिकारी तोक्न वा सम्बन्धित मालसामान सम्बन्धी बढीमा तीनजना विज्ञ रहेको एक समिति गठन गर्न सक्नेछ। समितिले मालसामानको नमूना र विशिष्टता सिलबन्दी गरी राखेको भए सो को जाँच गर्दा तोकिए अनुरुपको मालसामान स्वीकृत गर्नु पर्नेछ।	नियमानुसार निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृती अगाडि बढाउन र अस्वीकृत मालसामानको समेत निरीक्षण प्रतिवेदनमा मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गरी सो प्रतिवेदनलाई खरिद कारबाहीको अभिलेखको रुपमा राख्नु पर्नेछ।
ऐनको दफा ५४ र नियम ११८ **भेरिएसन सम्बन्धकमा विशेषज्ञहरू को समूह गठन गर्ने व्यबस्था**	पूर्वानुमान गर्न नसकिएको अवस्थामा सम्झौता कार्यान्वयनको क्रममा परिस्थिति सिर्जना भएमा सरकारी कार्यालयमा सम्बन्धित मन्त्रालयले विशेषज्ञहरुको समूह गठन गर्नेछ। साथै, उक्त समूहमार्फत आवश्यक जाँचबुझ गराई सिफारिसको आधारमा मात्र जारी गर्न सक्नेछ। निर्माण कार्य, मालसामान, अन्य सेवा र परामर्श सेवामा भेरिएसन आदेश गर्दा कार्यालय प्रमुखले प्रमाणित गरेको हुनु पर्नेछ।	• निर्माण कार्यको ड्रईङ, डिजाईन तथा स्पेसिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने र आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा, • भेरिएशन परिमाणको प्राविधिक पुष्ट्याईं र कारण, • लागत अनुमानमा प्रभाव पर्ने भए सो को प्रतिशत, • स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको कुरा।
दफा ५४ र नियम ११८ **भेरिएसनका लागि विशेषज्ञहरू को समूह गठन गर्ने**	कार्यान्वयनको क्रममा पूर्वानुमान गर्न नसकिएको अवस्था सिर्जना भएमा सार्वजनिक निकायको परिभाषामा परेका संगठित संस्थाको सर्बोच्च कार्यकारी निकायले विशेषज्ञहरुको समूह गठन गर्नेछ। साथै, समूहबाट आवश्यक जाँचबुझ गराई सिफारिसको आधारमा निर्माण कार्य, मालसामान वा अन्य सेवा कासाथै परामर्श सेवाको कार्यको भेरिएसन आदेश जारी गर्नु अघि निकायका प्रमुखले प्रमाणित गर्नेछ।	• निर्माण कार्यको ड्रईङ, डिजाईन तथा स्पेसिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने र आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा, • भेरिएशन परिमाणको प्राविधिक पुष्ट्याईं र कारण, • लागत अनुमानमा प्रभाव पर्ने भए सो को प्रतिशत, • स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको कुरा।

नियम १४७ **मूल्याङ्कन समितिको गठन देहाय बमोजिम हुने**	मूल्याङ्कन समितिको गठन :– सार्वजनिक निकायका प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत –अध्यक्ष सम्बन्धित सार्वजनिक निकायको आर्थिक प्रशासन शाखा प्रमुख-सदस्य विषयसँग सम्बन्धित प्राविधिक विशेषज्ञ-सदस्य सार्वजनिक निकायमा कानून अधिकृतको दरबन्दी रहेको भए सो सार्वजनिक निकायको कानून अधिकृत-सदस्य खरिद एकाईको प्रमुखले समितिको सचिवको रूपमा काम गर्नेछ ।	मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार ● पूर्व-योग्यताको प्रस्ताव, बोलपत्र, परामर्श सेवाको आशयपत्र वा प्रस्ताव वा सिलबन्दी दरभाउ पत्रको परीक्षण र मूल्याङ्कन गर्ने ● मूल्याङ्कन समितिले सार्वजनिक निकायका प्रमुखको स्वीकृति लिई सरकारी वा गैर सरकारी क्षेत्रका विषय विशेषज्ञलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ । ● समितिलाई परामर्शदाताको सहयोग आवश्यक भएमा स्वीकृत कार्यक्रम र बजेटको अधीनमा रही कार्यविधि अपनाई परामर्शदाता नियुक्त गर्न सक्नेछ ।
नियम १४८ **दररेट निर्धारण समिति :**	निर्माण सामग्रीको ढुवानीमा दररेट, मेशिन, उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न हरेक जिल्लामा एक दररेट निर्धारण समिति रहनेछ :- (क)प्रमुख जिल्ला अधिकारी - अध्यक्ष (ख)स्थानीय विकास अधिकारी - सदस्य (ग)प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय -सदस्य (घ) जिल्ला विकास समितिले तोकेको जिल्ला विकास समितिको सदस्य एक जना - सदस्य (ङ) प्रतिनिधि, नेपाल निर्माण व्यवसायी महासंघ - सदस्य	दररेट निर्धारण समितिले निर्माण सामग्री वा ढुवानीको दररेट निर्धारण गर्दा प्रचलित बजार भाउको श्रावण महिनाभित्र दररेट निर्धारण गरी सक्नु पर्नेछ । तर कुनै आर्थिक वर्षमा निर्माण सामग्री वा ढुवानीको दररेट साविक मूल्यमा दश प्रतिशत भन्दा बढी बढ्न गएमा समितिले सोही बमोजिम निर्धारण गर्न सक्नेछ । तर दररेट निर्धारण समितिबाट दररेट उपलब्ध नभएकोमा निर्माणस्थल नजिकैको सम्बन्धित सरकारी कार्यालय वा सरकारी स्वामित्व भएको संस्थान, प्राधिकरण, निगम वा यस्तै प्रकृतिका अन्य संस्थाले तोकेको दरभाउ वा उद्योग वाणिज्य संघले दिएको दरभाउ, भाडा वा ज्यालाका आधारमा

	(च)प्रतिनिधि, उद्योग वाणिज्य संघ - सदस्य (छ)प्रमुख, जिल्ला प्राविधिक कार्यालय -सदस्य-सचिव	निर्धारण गर्नु पर्नेछ ।

निष्कर्ष– सार्वजनिक खरिद व्यवस्थामा कार्यलाई छिटो सरल मितव्ययी एवं प्रभावकारी वनाउन बस्तु तथा सेवा प्रदायकको छनौट गर्ने अहंम जिम्मेवाारी समितिको हो समितिको सिफारिसमा कार्यालय प्रमुखले निर्णय गरी खरिद व्यवस्थापनको कार्य अगाडी बढाउने हँदा समितिको जिम्मेवारी क्रमश बढ्दै गएको छ । सार्वजनिक जवाफदेहिताको पालना गर्ने पदाधिकारीको कार्य सम्पादन नतिजाबारे लेखापरीक्षण हँदासमितिबाट भएका विषय तथा निर्णयहरु पेश गरेमा, समितिबाट निर्णय भएपछि मात्र कार्यान्वयन गरेमा, वित्तीय कारोवारका यथेष्ट प्रमाण तथा अभिलेख राखेमा र आन्तरिक लेखापरीक्षणको प्रतिवेदन समयमानै कार्यान्वयन भएमा अन्तिम लेखापरीक्षणमा सहजता आई बेरुजु समेत औल्याउने स्थिति रहदैँन । तसर्थ, आर्थिक प्रशासनको पालना गर्नै, कार्यान्वयन गर्न निर्देशन दिने, सम्बन्धित समितिका सदस्यहरुको क्रियाशील संलग्नता र सूचना प्राप्त गर्ने तालुक कार्यालयको समेतबाटसमयमा अनुगमन गरी सम्बन्धित सबै पक्षले आ-आफ्नो क्षेत्रबाट क्रियाशील हुने वातावरणको तर्जुमा भएमा सार्वजनिक खरिदमा पारदर्शिता र जबाफदेहिताको पालना भई सुशासन कायम हुने अपेक्षा गरिएको छ ।

सन्दर्भ सूची :

१. Management : A Global Perspective : Heinz and Harold.

२. सार्वजनिक खरिद ऐन, २०६३, नेपालको संघीय संसद ।

३. सार्वजनिक खरिद नियमावली, २०६४, नेपाल सरकार ।

४. Management Principle, Govinda Ram Agrawal.

५. Human Resource Management, Subba and SP Rao, New Delhi

सरकारको नियामक भूमिकाको कार्यमूलक लेखापरीक्षण : कार्यक्षेत्र र पद्धति



राम बाबु नेपाल*

परिचय

मुलुकको आर्थिक सामाजिक उन्नति, आर्थिक क्रियाकलापहरुको प्रवर्धन, विस्तार र विविधीकरण, जनताको आधारभूत आवश्यकताको परिपूर्ति, जीउ धन र सम्पत्तिको सुरक्षा, मानव अधिकारको सम्मान, सार्वजनिक स्रोत साधनको उच्चतम उपयोग र जनताको हित संरक्षण र समाजमा विविध कारणबाट श्रृजना भएका र हुन सक्ने बिभेद न्युन गराउने र त्यस्तो बिभेदको कारणबाट उत्पन्न हुने परिस्थितिको आँकलन गरी त्यसलाई संबोधन गर्न उपयुक्त उपायहरु अपनाउनु सरकारका प्राथमिक कार्यहरु हुन्। यसको साथै मुलुकको भौगोलिक अखण्डताको संरक्षण गर्नु, मित्र तथा छिमेकी राष्ट्रहरुसंगको सम्बन्धलाई मर्यादित बनाउँदै राष्ट्रिय सम्मान र गरिमाको सम्बर्द्धन गर्नु, राज्यको महत्वपूर्ण जिम्मेवारी हो। यी कार्यहरु सम्पादन गर्ने सीप र क्षमता साथै त्यसबाट परेको प्रभावको आधारमा सरकार प्रतिको जनविश्वास निर्माण हुन्छ।

यस लेखको मुख्य उद्देश्य सार्वजनिक हित र आर्थिक क्रियाकलापहरुलाई व्यबस्थित मर्यादित र जनता प्रति जिम्मेवार बनाउन सरकारले निर्वाह गर्नु पर्ने भूमिकाको स्वरुप, त्यसका लागि अपनाइने विधि र त्यसको दक्षता र प्रभावकारिताको कार्यमूलक लेखापरीक्षण गर्ने तरिका बारेमा छलफल गर्नु हो।

सरकारको भूमिकाको प्रकृति र महत्व

राष्ट्रिय बिकास र जनकल्याणका लागि सरकारले अगुवाइ गर्नु पर्ने हुन्छ भने निजी, सहकारी, गैर सरकारी तथा सामुदायिक संस्था र जनसाधारणले सरकारलाई सघाउनु पर्ने हुन्छ। सरकारको भूमिकालाई संक्षेपमा निम्न अनुसार दर्शाउन सकिन्छ।

---

* सदस्य, लेखापरीक्षण सल्लाहकार समिति, पूर्व नायब महालेखापरीक्षक तथा संरक्षक - रामबाबर - ज्ञानु सामाजिक सेवा पुरस्कार कोष



(१) **बिकासमूलक (Development Oriented) -** आर्थिक सामाजिक उन्नति र सेवा प्रवाहका लागि यातायात, संचार, बिद्युत र सिंचाइ जस्ता पूर्वाधारहरूको आवश्यकता पर्दछ। सामान्यतः यसमा लगानी गर्न निजी क्षेत्र अगाडि नआउने हुंदा निर्माण, मर्मत सम्भार, पुनरोत्थान र सञ्चालनमा सरकार अगाडि सर्नु पर्ने र स्रोत जुटाउनु पर्ने हुन्छ। आजभोलि पूर्वाधारको निर्माण र सञ्चालन निजी सार्वजनिक साझेदारीको अवधारणा विकसित हुँदै गई रहेको छ तर यसको लागि नीति तथा योजना बनाउने र निजी क्षेत्रको उत्साह जगाउने काममा सरकारनै अगाडि आउनु आवश्यक हुन्छ।

(२) **प्रवर्द्धनात्मक (Promotional)** - क्षमता बिकास, अवसरको पहिचान र सदुपयोग परस्परमा सम्बन्धित बिषयहरु हुन्। आर्थिक क्रियाकलापको विस्तार गरी सन्तुलित बिकास सुनिश्चित गर्न उद्यमशीलता र बजार प्रवर्धन गर्नु पर्दछ। त्यसतै भर्खर व्यबसायमा प्रवेश गरेका र विस्तार गर्न कठिनाइ अनुभव गरेका व्यबसायिलाई सहयोग पुऱ्याउनु सरकारको कर्तव्य हुन्छ। यस भूमिकाको मुख्य उद्देश्य व्यबसायिक झुकाव राख्नेहरुलाई आर्थिक सामाजिक कृयाकलापमा लाग्न सहजीकरणका उपायहरू अपनाएर प्रेरित गर्नु हो।

(३) **नियामक (Regulatory)** - सरकारले नियामक अधिकारको उपयोग गर्नुको मुख्य उद्देश्य जनहित संरक्षण गर्ने राज्यको भूमिकालाई प्रभावकारी बनाउनु, समाजलाई शोषण र बिभेदरहीत बनाउनु र आर्थिक क्रियाकलापहरुलाई स्वच्छ र प्रतिस्पर्धात्मक बनाउन सहयोग पुऱ्याउनु हो।

(४) **सामाजिक (Social)** - जनतालाई शिक्षा स्वाथ्यको उचित अवसर दिलाई नागरिकलाई व्यक्तिगत उन्नतिको बाटो खोली दिनु र त्यसको आधारमा राष्ट्रको समृद्धि र शान्ति सुब्यबस्था कायम गर्न सघाउनु यस भूमिकाको मुख्य उद्देश्य हो। आर्थिक कृयाकलापलाई

अगाडि बढाउन मानिसमा उद्यमशीलताको भावना बढाउनु, उत्पादन र बितरणको सीप क्षमता भएका जनशक्तिको आवश्यकता पर्दछ। त्यसैले शिक्षा प्रणालीलाई व्याबहारिक र जीवनोपयोगी बनाउनु पर्ने कुरामा जोड दिइएको छ। त्यस्तै प्राथमिक स्वास्थ्य सुबिधा उपलब्ध गराएर जनतालाई जीवन रक्षाको प्रत्याभुति दिलाउनु पनि राज्यको प्राथमिक जिम्मेवारी मानिंदै आएको छ।

(५) **सुरक्षामूलक (Security Oriented) -** यस भूमिकाका निम्न तीन आयाम छन् :

(क) राज्यको सिमाना (भौगोलिक अखण्डता) को सुरक्षा;

(ख) जनताको जीउ धनको सुरक्षा र

(ग) सामाजिक सुरक्षा (Social Security) - सामान्यतः बिभिन्न कारण (जन्मजात वा पछि गएर हुने अपाङ्गता, जातीय वा लैङ्गिक विभेद, सामाजिक बहिष्करण, आर्थिक सामाजिक अवसरको पहुंचमा असमानता, भौगोलिक अवस्थिति, प्राकृतिक प्रकोप तथा मानव निर्मित संकट/जोखिम) बाट कमजोर भएका अथवा हुन पुगेका जनतालाई जीवन रक्षाको प्रत्याभुति दिनु राज्यको दायित्व हो। यस्तो प्रत्याभूतिले नागरिक हुनुको गर्वबोध गराउंछ।

(६) **अन्तर्राष्ट्रिय सम्बन्ध (International Relations) -** आजको विश्वमा कुनै पनि मुलुक छिमेकी तथा अन्य राष्ट्रहरुसंग सम्पर्क कायम नगरी रहन सक्दैन। यो अन्तर्निर्भरताको युग हो। तर जो ठूला अनि आर्थिक तथा सामरिक महत्वका दृष्टिबाट शक्तिशाली मुलुकबाट आफ्नो मुलुकको गरिमा, मौलिक गुणहरु र भौगोलिक अखण्डतामा प्रतिकुल असर पर्न नदिनु सरकारको दायित्व हो। त्यस्तै ठूलो र शक्तिशाली भएको कारण साना तथा कमजोर राष्ट्रमा आफ्नो अनुचित प्रभाव बिस्तार गर्ने चाहना नराख्नु त्यस्ता राज्यका शासक बर्गको जिम्मेवारी हो। आर्थिक कुटनीतिको अवधारणा अहिले क्रमिक रुपमा विस्तार हुँदै गई रहेको छ। यसको मुख्य तात्पर्य अन्य राष्ट्रसंगको कुटनीतिक सम्बन्धलाई मुलुकको आर्थिक हितको लागि उच्चतम उपयोग गर्नु हो। कुटनीतिको माध्यमबाट निकासी, पैठारी, लगानी, आर्थिक लेनेदेन तथा व्यापारिक सम्झौताहरुलाई राज्यको अनुकुल बनाउन पहल गर्नु आर्थिक कुटनीतिको मुख्य उद्देश्य हो। 'परम्परागत कुटनीतिको उद्देश्य शान्ति स्थापना मानिन्थ्यो

भने अहिलेको उद्देश्य समृद्धि भएको छ र कुटनीतिमा आर्थिक बिषयहरुले महत्व पाउँदै जान थालेको छ'[*] ।

(७) **स्रोतको संरक्षण र परिचालन (Protection and Mobilization of Resources)** - राज्यको कार्य सञ्चालन र प्रगतिका लागि वित्तीय तथा अन्य स्रोतको आवश्यकता पर्दछ । यसका दुई पक्ष छन (क) प्राकृतिक स्रोत साधनको उपयोग तथा संरक्षण, र (ख) वित्तीय स्रोतको प्राप्ति र परिचालन । राष्ट्रको समग्र उन्नतिका लागि वित्तीय तथा प्राकृतिक स्रोतको संरक्षण र सदुपयोग अति महत्वपूर्ण मानिन्छ । स्रोत साधन कसरी कहां कुन उद्देश्यका लागि लगाउने र त्यसको दृढतापूर्वक अनुगमन गरी सदुपयोग गर्ने गराउने व्यबस्थाको अभावमा छ दशक भन्दा लामो अवधि देखि योजनाबद्ध बिकास प्रकृया अपनाए पनि उपलब्धि सन्तोष र गर्व गर्न लायक हुन नसकेको कटु अनुभव हामीसंगै छ ।

नियामक भूमिकाको उद्देश्य र कार्यक्षेत्र

राज्यको आधारभूत दायित्व सबै जनतालाई उन्नतिको अवसर प्रदान गर्नु र उनीहरुमाथि हुन सक्ने शोषण, उत्पीडन, अन्याय र बिभेद रोक्नुका साथै कानूनी शासनको प्रत्याभूति दिलाउनु हो । मुलुकको समुन्नतिमा निजी क्षेत्रको भूमिका अत्यन्त उपयोगी हुने कुरामा मतभेद छैन । नेपालको संबिधान, २०७२ ले राज्यको आर्थिक उद्देश्य हासिल गर्न सार्वजनिक, निजी तथा सहकारीलाई तीन खम्बाको रुपमा स्वीकार गरेको छ । निजी क्षेत्र र सहकारी समेतलाई आफ्नो मुनाफा आर्जन क्षमतालाई उच्चतम बनाउने र लगानीकर्तालाई उच्च प्रतिफल उपलब्ध गराउने चाहना हुन्छ र व्यबसायका प्रवन्धकको मुल्याङ्कन मुख्य रुपमा कति लाभांश दिन सक्यो भन्ने आधारमा गरिन्छ । यस क्रममा अधिक मुनाफा आर्जन गर्न व्यबसायले प्रदान गर्ने बस्तु तथा सेवाको गुणस्तरमा सम्झौता हुन गइ उपभोक्ताको हितमा प्रतिकूल असर पर्ने स्थिति आउन सक्छ । व्यबसायिले उचित गुणस्तरको बस्तु आपूर्ति नगरेको र तौल कम भएको बस्तु दिने गरेको समाचार हामीले सुन्दै पढ्दै आइरहेका छौं । यस्तो परिस्थितिमा उपभोक्ता ठगिन नपाउन भनि नियमन गर्नु सरकारको कर्तव्य हुन आउंछ ।

सरकारले नियामक अधिकारको उपयोग गर्नुको मुख्य उद्देश्य जनहितको संरक्षण गर्नु पर्ने दायित्व प्रभावकारी ढंगबाट निर्वाह गर्नु, समाजमा हुने वा हुन सक्ने शोषण, बिभेद र अनुचित किसिमका आर्थिक सामाजिक क्रियाकलापहरु नियन्त्रण गर्नु र स्वच्छ प्रतिस्पर्धालाई प्रोत्साहित गर्नु हो । यस लेखमा नियामक भूमिकालाई निम्न अर्थमा लिइएको छ :

[*] www.dfat.gov.au

(क) व्यवसाय तथा सार्वजनिक संगठनको सुसञ्चालनका लागि बनेका ऐन कानूनको पालना गराउनु;

(ख) व्यवसाय प्रदान गर्ने सेवा र उत्पादन गर्ने बस्तुको गुणस्तर सम्बन्धमा स्थापित मान (Standards) तथा उत्तम व्याबसायिक अभ्यास (Best Business Practice) को पालना गराउनु;

ग) अनुचित व्याबसायिक अभ्यासको कारण सर्वसाधारण उपभोक्तामा पर्न सक्ने प्रतिकुल असरबाट उनीहरुलाई सुरक्षित राख्न अनुगमन तथा नियन्त्रणात्मक कदम चाल्नु ।

सरकारको यस्तो भूमिकाको तीन पक्ष (सकारात्मक, सिर्जनशील र नियन्त्रणात्मक) हुन्छ ।

सकारात्मक - बिकासको लागि निजी क्षेत्रलाई आर्थिक तथा सामाजिक भूमिका निर्वाह गर्न प्रोत्साहित गर्नु । निजी क्षेत्रलाई यस्तो भूमिका निर्वाह गर्न अनुकुल बातावरण सिर्जना गर्न सान्दर्भिक र उपयुक्त ऐन नियमको तर्जूमा र कार्यान्वयन गर्नु ।

नियन्त्रणात्मक - निजी र व्यावसायिक क्षेत्रले सर्बसाधारण र राष्ट्रको हितमा काम गरेको नदेखिएमा त्यसको नियन्त्रण गर्न आवश्यक कदम चाल्नु । यसमा बजार अनुगमन, निरीक्षण र बस्तु तथा सेवाको गुणस्तर नियन्त्रण र मापनको आधार निर्धारण गर्नु ।

सिर्जनात्मक - आर्थिक क्रियाकलाप र व्यबसायलाई स्वच्छ, मर्यादित र प्रतिपर्धात्मक बातावरणमा सञ्चालन गर्न उपयुक्त र सक्षम बातावरण बनाउनु[*] ।

नियामक भूमिका प्रभावकारी ढंगबाट निर्वाह गर्न सरकारले निम्न कुराहरुमा ध्यान दिनु पर्दछ ।

(क) आर्थिक प्रणालीको सुसञ्चालनका लागि निर्देशिका र कार्यविधि तर्जूमा गरी कार्यान्वयन गर्ने ।

(ख) सर्बसाधारणको हित रक्षा र प्रवर्धन गर्ने र यसको लागि कानूनी र संस्थागत व्यबस्था मिलाउने ।

(ग) सर्बसाधारणको हित प्रतिकुल हुने गरी आर्थिक सुबिधा र अधिकार केही सीमित बर्ग र व्यक्तिमा रहने अवस्था आउन नदिने ।

(घ) एकाधिकार, प्रतिरोधात्मक र अनुचित तथा प्रतिबन्धात्मक व्याबसायिक अभ्यास (Improper and Restrictive Business Practice) हुन सक्ने स्थितिमा सुधार वा नियन्त्रण गर्ने ।

नियमनको जिम्मेवारी

नियमन व्यापक कार्य हुनाले यसको जिम्मेवारी पनि राज्य प्रणालीका सबै संस्थाहरू (संसद, संबैधानिक निकायहरु लगायत सरकारी निकायहरु, स्वशासित संस्थाहरु) मा रहन्छ । प्रहरी प्रशासनले नियमन कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । न्यायिक निकायहरुले यस बिषयमा पर्न

[*] R. K. Sapru – Development Administration, Sterling Publishers Private Limited, 1994, p. 141

सक्ने विवाद (मुद्दा) मा समयमै फैसला गरेर अथवा नियमनलाई प्रभावकारी बनाउन सरकारलाई निर्देशन दिएर सघाउन सक्छ। गैरसरकारी संस्थाहरुले सरकारलाई नियमन गर्ने काममा उल्लेख्य सहयोग पुऱ्याउन सक्छन्। यि संस्थाहरुले कहां के भई रहेको छ र त्यसको लागि कुन नियमन संयन्त्र सकृय हुनु जरुरी छ भन्ने कुराको जानकारी दिन सक्दछन्। बिभिन्न निकायहरुको भूमिका बारेमा तल चर्चा गरिन्छ।

(१) **संसद** - यो जनप्रतिनिधिहरुको आधिकारिक संस्था हुनाले नियमनलाई प्रभावकारी बनाउने कानून बनाएर, नियमनको लागि सरकारलाई निर्देशन दिएर, त्यसमा भएका काम र हासिल भएको प्रगतिबारे जानकारी लिएर र आवश्यक देखिएमा आफैले निरीक्षण अनुगमन गरेर अग्रणी भूमिका खेल्न सक्दछ। संसद जनताको हित प्रति संवेदनशील भई दिएमा नियमन कार्य प्रभावकारी बन्न सक्छ। त्यस बिपरीत संसदले सीमित व्यावसायिक घरानाको हित रक्षा गर्ने र त्यसबाट आफु लाभान्वित हुने चाहना राख्ने हो भने अन्य निकायहरु सकृय भए पनि अपेक्षित नतीजा हासिल नहुने स्थिति आउंछ। चन्दादाता र आर्थिक साझेदारको रुपमा व्यावसायिलाई जोगाउने प्रयास मनमा राखेर अनुचित व्यावसायिक अभ्यासलाई छुट दिने र समातिंदा छुटाउने अभ्यासमा जनप्रतिनिधि लाग्दा नियमन प्रभावहीन हुने कुरा स्पष्ट छ। यस्तो स्थितिले अन्ततः राज्य प्रणालीलाई कमजोर बनाउंछ र जनबिश्वासमा ह्रास आउंछ।

(ख) **संबैधानिक निकायहरु** - संबिधानले बिशेष उद्देश्य राखेर संबैधानिक निकायहरुको व्यबस्था गरेको छ र यिनीहरुले नियमनमा अप्रत्यक्ष तर गहन जिम्मेवारी निर्वाह गर्दछन्। संबैधानिक निकायहरु मध्ये राष्ट्रिय मानव अधिकार आयोगले सरकारले मानव अधिकारको मर्यादा कायम भए नभएको कुराको अनुगमन गर्दछ र त्यसको लागि आवश्यक सुझाव दिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार नियन्त्रण गर्ने काम कुन किसिमबाट भएको छ त्यसको अनुगमन, छ अनुसन्धान गरी न्यायिक निर्णयका लागि अदालत समक्ष पेश गर्नुका साथै रोकथामका उपायहरुबारे सुझाव दिन्छ। महालेखा परीक्षकले सरकारी निकाय र स्वशासित संस्थाहरुलाई नियमन गर्न दिइएको अधिकार कति दक्षतापूर्वक प्रभावकारी हुने किसिमबाट भई रहेको छ छैन त्यसको निपक्ष र उद्देश्यमूलक ढंगबाट स्वतन्त्र परीक्षण गरी यथार्थ स्थिति दर्शाइ जवाफदेही र पारदर्शीता प्रवर्धन गर्न सघाइ रहेको हुन्छ।

(ग) **सरकारी निकायहरु** - कार्यकारिणीको अभिन्न अंगको रुपमा र जनताको सरोकार सम्बोधन गर्ने जिम्मेवारीको अग्रपंक्तिमा रहेका सरकारी निकायहरुमा नियमनको मुख्य जिम्मेवारी रहेको हुन्छ। यि निकायहरुले व्यावसायिहरुले अनुचित कियाकलापहरु सन्चालन गरेर लाभान्वित हुने प्रयास गरी रहेका छन छैनन भन्ने कुराको अनुगमन निरीक्षण गर्नु पर्दछ।

यि निकायहरुमा व्याबसायीहरुले प्रदान गर्ने वस्तु तथा सेवाको गुणस्तर र मुल्य निर्धारण गर्ने आधारको छानविन र मध्यस्थ बनेर अनुचित किसिमबाट लाभ लिन खोज्नेहरुलाई निरुत्साहित गर्ने जिम्मेवारी हुन्छ । त्यसतै स्वच्छ व्याबसायिक माध्यमहरु अपनाउन कसरी प्रेरित गर्ने भन्ने बिषयमा पनि यि निकायहरुले ध्यान दिनु र उपयुक्त नीति निर्माण गर्न जनप्रतिनिधिहरुलाई सघाउनु पर्दछ । देशमा स्थापित प्रणालीको पालना गर्ने दिशामा किन लापर्वाही हुने गर्दछ र त्यसले समाज र आर्थिक अवस्थामा कस्तो प्रभाव पारेको छ त्यस बारेमा अध्ययन गर्नु र सुधारका उपायहरु बारे प्रस्ताव गर्नु यि निकायहरुको जिम्मेवारी हो । जनताको दैनिक जीवनलाई प्रभावित गर्ने बिषयमा नियमन गर्ने जिम्मेवारी आपूर्ति व्यबस्थापन तथा उपभोक्ता संरक्षण बिभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण बिभाग र यातायात व्यबस्था बिभागमा रहेको हुन्छ ।

(घ) **स्वशासित संस्थाहरु (Autonomous Bodies) -** सरकारले बिशेष उद्देश्य प्राप्तिका लागि कुनै बिशेष ऐन वा साझा ऐनको आधारमा स्वशासित संस्थाहरुको स्थापना गरी उनीहरुको काम, कर्तव्य र अधिकार तोकिएको हुन्छ । त्यसबाहेक यी संस्थाहरुको कार्यबिधिलाई व्यबस्थित गर्न नियम बिनियम बनाउने अधिकार दिइएको हुन्छ । नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, नेपाल नागरिक उड्डयन प्राधिकरण, बीमा समिति आदि यस्ता केही स्वशासित संस्थाहरु हुन जसलाई पनि नियमन गर्ने अधिकार दिइएको हुन्छ । नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५ (च) ले नेपाल राष्ट्र बैंकलाई वाणिज्य बैङ्क तथा वित्तीय संस्थालाई बैकिङ्ग तथा वित्तीय कारोबार गर्न इजाजतपत्र जारी गर्ने, त्यस्तो कारोबारको सम्बन्धमा आवश्यक नियमन, निरीक्षण, सपरिवेक्षण तथा अनगमन गर्ने अधिकार दिएको छ । धितोपत्र सम्बन्धी ऐन, २०६३ ले धितोपत्र बोर्ड स्थापना गरेको छ । यस ऐनको दफा ३ मा यसको उद्देश्य स्पष्ट गर्दै पूंजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरूको हित संरक्षण गर्न धितोपत्रको निष्काशन, खरिद, बिक्री, वितरण तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरूको काम कारबाहीलाई नियमित तथा व्यवस्थित गर्नको लागि नेपाल धितोपत्र बोर्डको नामबाट एउटा बोर्डको स्थापना गरिएको उल्लेख छ । दफा ३ का उपदफाहरुमा बोर्डले धितोपत्र बजार र यसका व्यबसायिहरुको काम कारवाहीको नियमन तथा अनुगमन गर्ने कुरा उल्लेख छ । नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ ले प्राधिकरणलाई विभिन्न किसिमका प्राविधिक सीपको परीक्षण गरी उपयुक्त देखिएमा प्रमाणपत्र जारी गर्ने, निरीक्षण गर्ने, उडान यायेता प्रमाणपत्र दिने, नवीकरण गर्ने, खारेज गर्ने र हवाई यातायातसम्बन्धमा राष्ट्रिय तथा

अन्तर्राष्ट्रिय स्तरमा तोकिएको मापदण्डहरू (Standards) कार्यान्वयन गर्ने गराउने, हवाई उडान अनुमति प्रदान गर्ने र वायुयानका चालकहरूको काम, कर्तव्य तथा उडान तथा विश्राम समय तोक्ने अधिकार दिएको छ। बीमा ऐन, २०४९ मा 'बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्नको लागि बीमा समितिको गठन गरिनेछ' भन्ने उल्लेख छ। ऐनको दफा ८ मा समितिको काम, कर्तव्य र अधिकार बारे उल्लेख भएकोमा दफा ८ (क) मा बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्नको लागि नीति निर्धारण गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने भनिएको छ। यस्तै अन्य केही स्वशासित संस्थाहरुलाई नियमनको अधिकार दिइएको छ।

नियामक भूमिकाको लेखापरीक्षण पद्धति र कार्यक्षेत्र

लेखापरीक्षण योजना तर्जूमा कार्यमूलक लेखापरीक्षणको प्रारम्भ बिन्दु हो। एकै बर्षमा सबै किसिमका नियामक निकायहरूलाई समेट्न नसकिने हुंदा प्राथमिकता निर्धारण गर्नु आवश्यक हुन्छ। बढी जोखिम भएका र जनसरोकार देखिएका क्षेत्रको छनौट गर्नु जरुरी हुन्छ। लेखापरीक्षकले आफ्नो कार्यलाई उपयोगी र व्यबस्थित बनाउन नियमन सम्बन्धी नीति, कार्यक्रम, विधि, कार्यान्वयन, कारवाही, नतीजा, सुधार र प्रभावकारीता बिषयमा प्रश्नहरु तयार गरी तिनीहरुको जवाफ खोज्ने, प्रमाणहरु जुटाउने, यथार्थता यकीन गर्ने तर्फ ध्यान दिनु पर्दछ। लेखापरीक्षणको क्षेत्र र विधि निर्धारण गर्ने क्रममा मुख्यत: निम्न कुराहरूमा ध्यान जानु जरुरी छ।

(क) नियमनको उद्देश्य, नियामक निकायको कानूनी आधार र कानूनको स्पष्टता (Objectives, Mandate and Clarity of Related Law) - सरकार कुनै खास व्यबसायको नियमन गर्न किन चाहन्छ र नियमनको उद्देश्य के हो स्पष्ट नभई यो कामलाई अगाडि बढाउन सकिदैन वा बढाउनु उचित पनि हुदैन। त्यसैले ऐनमा नियमन गर्नुको उद्देश्य स्पष्ट छ छैन विवेचना गर्नु आवश्यक छ। नियमन सम्बन्धी ऐन नियमका प्रावधानहरू बुझ्न सरल र कार्यान्वयन गर्न सहज हुनु पर्दछ। त्यसतै ऐनका प्रावधानहरू लक्ष्य उन्मुख भएमा नतीजाको यथार्थ मुल्याङ्कन गर्न सजिलो हुन्छ। स्थापित ऐन नियमको पालना गर्नेलाई प्रोत्साहित गर्ने व्यबस्था भएमा पालना दर (Rate of Compliance) बढ्न सक्दछ. कुन नीतिको उद्देश्य हासिल गर्न ऐन नियम बनाइएको हो स्पष्ट हुनु जरुरी छ। ऐन नियमले समाजमा पार्ने आर्थिक सामाजिक र बाताबरणीय प्रभाव र त्यसको कार्यान्वयनमा लाग्ने खर्चको औचित्य पुष्टि हुनु पर्दछ।

(ख) नियमनका लागि पुरा गर्नु पर्ने प्रकृया वा अपनाउनु पर्ने विधि - नियमन गर्ने कार्य सहज नहुनाले यसका लागि ऐनले दिएको अधिकार उपयोग कानून सम्मत ढंगबाट गरिनु आवश्यक हुन्छ। विधिसम्मत तरीकाले नियमन नभएमा चुनौती खडा हुन सक्छ। त्यसैले

विधि स्पष्ट हुनुको साथै त्यसको उपयोग गर्ने अधिकारी पनि दक्ष हुनु जरुरी छ। लेखापरीक्षकले नियमनको विधिको स्पष्टता, सान्दर्भिकता र उपयोगीताको विवेचना गरी सुधारका उपायहरुका बारेमा सुझाव दिनु पर्दछ।

(ग) **सम्बद्ध निकायहरूसंगको सम्बन्धको आधार -** नियमन गरिने बिषय बस्तुको प्रकृतिको आधारमा त्यसलाई कार्यरुप दिन बिभिन्न बिधाका जनशक्ति आवश्यक पर्दछ। सामान्यतः प्राविधीज्ञ, प्रशासक, कानून र प्रहरीको संयुक्त टोली मिलेर नियमनलाई अगाडी बढाउनु पर्ने हुन्छ। यिनीहरुमध्ये कुनै पक्षले नियमन प्रकृयामा असहमति जनाएमा अथवा कुनै कारणले निष्कृय भएमा सम्पूर्ण प्रयासको प्रभावकारीतामा प्रतिकूल असर पर्न जान्छ। त्यसतो अवस्था आउन नपाओस भन्नका लागि यिनीहरुको कार्यगत सम्बन्धको आधार स्पष्ट किटान गरिएको छ छैन मुल्याङ्कन गर्नु आवश्यक हुन्छ।

(घ) **नियमनको क्रममा गरेको देखिएको त्रुटि/कमजोरी सच्याउन गर्नु पर्ने कामको स्पष्टता -** नियमन गर्दा देखिन आएका त्रुटी कमजोरी सच्याउने र गलत काम गर्नेहरु उपर समयमा कार्वाही गर्न नसकेमा सरकार प्रतिको जनविश्वासमा प्रतिकुल असर पर्न जान्छ। उपभोग्य बस्तु र औषधीको उत्पादनमा लापर्वाही देखिएमा त्यसलाई समयमै सुधार गर्न गराउन नसकेमा जनस्वास्थ्यमा गम्भीर असर पर्न जान्छ। त्यसैले लेखापरीक्षकले नियमन बाट देखिएको कमी कमजोरी सच्याउने इमान्दार प्रयत्न भई रहेको छ छैन र त्यसलाई संस्थागत गराउन सकिएको छ छैन विश्लेषण गर्नु आवश्यक हुन्छ।

नियामक भूमिकाको लेखापरीक्षणको प्रमुख मुद्दाहरु

नेपालमा सरकारको नियमन कार्य धेरै ठाउँमा प्रभावहीन रहेको देखिन्छ। सरकारले बजार अनुगमनका लागि चालेको कदम व्यबसायिहरुको बिरोधको कारण फिर्ता भएको वा निश्कृय पारिएको थियो। त्यसतै मापदण्ड बेगर गरिने अनुगमन मान्य नहुने आवाज उठ्यो र रोकियो पनि। बिभिन्न बहानामा सरकारको नियामक भूमिकालाई कमजोर बनाउने प्रयास प्रभावकारी भई रहेको छ। यसले गर्दा सरकारले जनताको हितमा दृढतापूर्वक काम गरेको र गर्न लागेको छ भन्ने बिषयमा आशाबादी हुने अवस्था देखिदैन। नियमन कार्य प्रभावहीन हुनुका प्रमुख कारणहरु निम्न अनुसार छन् :

(क) अधिकांश ठूला व्यापार व्यबसायमा पहुंचवालाहरुको लगानी हुने र उनीहरुले नियमन गर्नेहरुको योजना र कार्यविधिलाई आफ्नो अनुकुल बनाउने क्षमता राख्ने र राजनीतिक नेतृत्व पनि उनीहरुको प्रभावमा आउनु;

(ख) खुला तथा उदार आर्थिक नीति अपनाउने क्रममा नियमन गर्नु पर्ने र त्यसलाई व्यवस्थित र मर्यादित बनाउने उपायहरुबारे गम्भीरतापूर्वक विचार नगरी निजी क्षेत्रलाई प्रोत्साहित गर्ने सोच राखेर त्यसै अनुसार व्यावसायिक अनुमति दिनु;

(ग) कस्तो व्यवसायलाई के आधारमा अनुगमन र नियमन गर्नु पर्दछ सो बारेमा नसोची र त्यसको रुपरेखा तयार नगरी शिक्षा र स्वास्थ्य जस्ता आधारभूत क्षेत्रमा निजी लगानीलाई प्रोत्साहित गर्नु;

(घ) नेतृत्व तहमा दृढ अठोटको अभाव;

(ङ) नियमन गर्नु भनेको सुधारको लागि बाटो पहिल्याउनु हो भन्दा अरुले गरेको काममा को आलोचना वा नियन्त्रण गर्ने हो भन्ने बुझाई रहेकाले यसका लागि तत्परता नदेखिनु । नियमन कार्यमा सरकार कमजोर भएमा एकाधिकार, सेण्डिकेट तथा कार्टेलिङ्ग जस्ता अवान्छित गतिविधि फस्टाउंछ र सीमित लगानीकर्ताले धेरैलाई शोषण गर्न सक्दछ ।

उपसंहार

राष्ट्रिय बिकासमा राज्यको भूमिका कस्तो हुनु पर्दछ भन्ने बहस चल्दै रहे पनि जनहित प्रवर्धनका लागि नियमन गर्ने कामलाई सरकारले त्याग्नु र कमजोर हुन दिनु पनि हुँदैन भन्ने विचार प्रबल रुपमा रहेको छ । तर यस्तो विचार रहे पनि नियमन प्रभावकारी ढंगबाट अगाडी सरेको छैन । यसको लागि एकातिर सरकारले जनहित प्रति आफ्नो जिम्मेवारी बोध गरी सो अनुरुप नियमनलाई कुशल ढंगबाट अगाडी बढाउनु जरुरी छ भने अर्कोतिर महालेखा परीक्षक जस्तो स्वतन्त्र संवैधानिक निकायले यसको निष्पक्ष र उद्देश्यमूलक परीक्षण गरी सुधारका लागि सुझाव दिनु पर्दछ ।

सन्दर्भ सूची :

- नेपालको संविधान, २०७२
- आपुर्ती नीति, २०६९
- खाद्य ऐन, २०२३
- उपभोक्ता हित संरक्षण ऐन, २०५४
- OECD Guiding Principles for Regulatory Quality and Performance, publication date no mentioned.
- R. K. Sapru – Development Administration, Sterling Publishers Pvt. Ltd., 1994
- Richard A. Posner – Theories of Economic Regulation, NBER Working Paper Series – 41, 1974

सामाजिक परीक्षण, वित्तीय जवाफदेहिता र लेखापरीक्षण



✍ **निर्देशक - रमेश ढकाल***

१. **पृष्ठभूमी :-** नेपालको संविधान २०७२ ले जनताको मौलिक हकका रुपमा स्थापित गरेका आधारभूत हकहरुलाई साकार बनाउदै सेवा प्रवाहमा आम जनताको पहुँच अभिवृद्धि गर्नु लोकतान्त्रिक अभ्यासको मूलभूत पक्ष हो । मुलुकमा लोकतन्त्रको वहाली संगै सार्वजनिक सेवा प्रति आम जनताको चुलिएको अपेक्षा तथा चेतनास्तरमा भएको विकास संगै सेवा प्रवाहलाई नागरिक हित अनुकूल तुल्याउनुपर्ने मान्यता हामी बीच छ । राज्य संरचना अनुसार निर्माण भएका ३ वटै सरकारद्वारा कार्यान्वयनमा ल्याइने कार्यक्रमको उपयोगिता, लाभ, कार्यान्वयन स्थिति, अपेक्षित लक्ष्य र कार्यसम्पादन स्तरलाई सहभागीतामूलक र जनउत्तरदायी तुल्याउन सामाजिक परीक्षण कार्यक्रम एउटा कोशेढुङ्गाको रुपमा रहनु पर्दछ । सरकारहरुद्वारा कार्यान्वयनमा ल्याइएका कार्यक्रमहरुको अपेक्षित नतिजा प्रति आम जनता जागरुक रहनु पनि पर्दछ ।

वर्तमान लोकतान्त्रिक प्रणालीले नागरिकको सार्वजनिक सेवा प्रतिको चासो र यसको प्रभावकारी अनुगमनलाई प्रमुख उद्देश्यका साथ जोड दिएको पनि छ । कार्यक्रम, नीति तथा बजेटबाट जनताको अभिमुखको रुपमा केन्द्रित भएका सबै कार्यक्रमको प्रवाहलाई हरेक नागरिकले मूल्याङ्कन पनि गर्न पाउनु पर्दछ । समृद्धि तब मात्र प्राप्त गर्न सकिन्छ जब कार्यक्रमले लिएको दिशा निर्देश सही र यथार्थमा आधारित हुन्छ । सरकारबाट गरिएको लगानी प्रतिफलमुखी बन्न सक्यो या सकेन र सो लगानीले समाजमा पुऱ्याउने योगदानको सार्थकता कति सम्म रहयो यस बारेमा व्यापक छलफल र गहनतम सोच लिन जरुरी भएको छ । सुखी नेपाली तब मात्र हुन्छन जब राज्यले गरेको लगानीको उचित योगदान समाजमा पर्दछ र यसले अर्थतन्त्रलाई गतिशिल र भरपुर बनाउन मद्दत पुऱ्याउँछ ।

नेपालको संविधान जारी भएसंगै मूलभूत रुपमा राजनैतिक समयस्याहरुको समाधान हुन गई मुलुक आर्थिक तथा सामाजिक विकासको चरणमा प्रवेश गरेको छ । संविधानमा व्यवस्था भए अनुरुपको राजनैतिक संरचना र सो अनुरुप जनप्रतिनिधित्वको चयन कार्य पनि पुरा भएको

* निर्देशक

अवस्था छ। नयाँ संरचना अनुसार संघीय सरकार गठन भई नयाँ बजेटको प्रारम्भ पनि गरी सकेको अवस्था छ। बजेट तथा कार्यक्रमको माध्यमबाट समृद्ध नेपाल र सुखी नेपाली भन्ने आम उद्देश्यका साथ सरकार अर्थतन्त्रमा रहेका श्रोत तथा साधनको अधिक्तम परिचालन गर्नेतर्फ उद्यत छ। उर्वर जमिन, जलश्रोत, वन, खानी, जैविक विविधता एवम् भौगोलिक सुन्दरता जस्ता प्राकृतिक श्रोतहरुको वृद्धिमत्तापूर्ण उपयोगबाट समृद्धि हासिल गर्न सक्ने संभावना बोकेर तिनै तहका सरकारहरु लागी परेको स्थिति छ।

दीगो विकासका लक्ष्य हासिल गर्दै वि.सं.२०८७ सम्म मध्यम आम्दानी भएको मुलुकको रुपमा स्तरोन्नती गर्ने गरी विभिन्न योजना पनि तर्जुमा गरिएका छन। लगानीको उत्पादकत्व वृद्धिको माध्यमबाट आर्थिक वृद्धि हासिल गर्न र प्रतिव्यक्ति आयलाई छिट्टै मध्यम आम्दानी भएको मुलुकमा अगाडी सार्न र अन्ततः दीगो समृद्धि हासिल गर्न चौधौं योजनालाई केन्द्रित गरेको अवस्था छ। अन्तर सरकारी मञ्च अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघ संस्था मार्फत विकासमा साझेदारी र उच्च वैदेशिक सहायताले वैदेशिक लगानी पनि आकर्षित भएको छ। सोको कारण बेरोजगारी घटाउने, बेरोजगारी अवस्थालाई गैरकृषि क्षेत्रमा स्थानान्तरण गराउने, स्वरोजगारलाई प्रवर्द्धन गर्ने र सहकारीलाई गरिबि न्यूनिकरण कार्यक्रमसंग आवद्ध गर्ने प्रयास प्रशस्त भएका छन। यति हुदाहुदै पनि समृद्ध नेपाल र सुखी नेपालीको स्पष्ट खाका भने आउन सकेको छैन।

समृद्ध नेपाल र सुखी नेपालीको मार्गमा प्रमुख रुपले अवरोधको रुपमा रहेको गरिबी, रोजगारी र मानव विकास नै प्रमुख विषय केन्द्रित क्षेत्र हुन। राष्ट्रिय बजेटको सालाखाला २० प्रतिशत अंश ओगटेको सहायता प्रतिको निर्भरता नघटेको अवस्था छ। सहायता प्राप्त भए तापनि न्यून खर्च हुनुले राष्ट्रिय प्रतिफलको प्राप्तीसंग सहायता परिचालनको तादम्यता हुन सकेको छैन। कूल ग्राहस्थ उत्पादनसंग तुलना गर्दा सार्वजनिक ऋणको अंश न्यून छ। मूल्य स्थिरता, सोधानान्तर बचत तथा वित्तीय क्षेत्रलाई स्थायित्व कायम राख्न नसकेको अवस्था छ।

छिमेकी मुलुकको रुपमा रहेका भारत र चिन जस्ता ठुला व्यापारीक देशबीच समदुरीको सम्बन्ध कायम गर्नु र ति देशबाट प्रविधिको सापटी लिई सोको अधिकतम प्रयोगसंगै गुणस्तरीय वस्तुहरुको उत्पादन हुदा निर्यात गर्नु आजको प्रमुख चुनौती पनि हो। दुई देश बीच असल सम्बन्ध कायम गर्दै देशमा उत्पादीत वस्तु तथा सेवाको निर्यातबाट मात्र आर्थिक समृद्धि प्राप्त हुन सक्दछ। यसको लागि मुलुकले तुलनात्मक र प्रतिस्पर्धात्मक लाभका क्षेत्र पहिचान गर्न आवश्यक छ। विश्व व्यापार संगठन, दक्षिण एसियाली स्वतन्त्र व्यापार सम्झौता (साफ्टा) तथा वहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहायता सम्बन्धी प्रयत्न विमस्टेक समेत संगको आवद्धताबाट अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध मजबुत बनाउने अवसर नेपालले प्राप्त गरेको छ। तर नेपालको निर्यात व्यापारले अपेक्षित सफलता हासिल गर्न सकेको छैन।

विकसिल मुलुकहरुलाई सम्पूर्ण मूल्य श्रृखला मात्र नभई खण्ड खण्डको उत्पादन र व्यापारमा केन्द्रित भई विकासका क्रियाकलाप अगाडी बढाउन आवश्यक देखिन्छ । यसको लागि निर्यात व्यापार प्रवर्द्धन गर्न स्थानीय कच्चा पदार्थमा आधारित वस्तुको निकाशी प्रवर्द्धन हो सोबाट अधिकतम लाभ प्राप्त गर्न सकिन्छ ।

कानून, राजनैतिक संरचना, स्थायी सरकार, कार्यक्रम, बजेट, कार्यान्वयन गर्ने नीति, श्रोत परिचालनका विषयहरु स्थापित भई सकेको अवस्थामा हाम्रो मूल उद्देश्य राज्यमा समृद्धि कसरी प्राप्त गरिने हो । यस बारेमा अबको बहसको विषय केन्द्रित हुन पुगेको छ । राज्यले जथाभावी लगानी गरेरमात्र समृद्धि प्राप्त गर्न सक्दैन यसको लागि नियन्त्रणमूलक पहरेदारको भूमिकालाई कार्यान्वयनमा पनि ल्याउनु पर्दछ । सार्वजनिक सेवाले आम जनतामा पारेको प्रभावलाई योगदान मूलक बनाउनु पर्दछ । अनुगमन र परीक्षण प्रणालीलाई जोडवलका साथ संगसंगै लाने प्रणालीको पनि विकास गरिनु पर्दछ । जनताको संलग्नता र प्रवाहित कार्यक्रमबीच समधुर सम्बन्ध पनि कायम राखिनु पर्दछ । यसको लागि सामाजिक परीक्षण र यसको संस्थागत विकास आजको मूलभूत आवश्यकता हो ।

२. **सामाजिक परीक्षण :-** सेवा प्रदायक निकाय वा संस्थाको नीति, नियम, कार्यक्रम, कार्यान्वयन, व्यवहार, श्रोत परिचालन, अनियमितता, पारदर्शिता र प्रभावकारीताबारे सम्बन्धित सेवाग्राही, सेवा प्रदायक एवम् व्यवस्थापक पक्ष र सरोकारवालाहरुको धारणाका आधारमा गरिने विश्लेषणात्मक लेखाजोखालाई सामाजिक परीक्षणको रुपमा बुझ्ने गरिन्छ । यस प्रक्रियामा सेवा प्रदान गर्ने क्रममा प्राप्त उपलब्धी/परिवर्तन तथा सुधारात्मक पक्षहरुलाई पारदर्शीरुपमा तेश्रो पक्षद्वारा लेखाजोखा गरी यथार्थ विवरण सार्वजनिक गरिन्छ । सो विवरणउपर समिक्षात्मक निश्कर्ष निकालिन्छ । व्यवस्थापकलाई सुधारको खाका सहित अब गर्नुपर्ने जिम्मेवारी सहितको कार्ययोजना समेत तयार गरिन्छ । सामाजिक परीक्षणमा वस्तु वा सेवामा गरेको लगानीले प्राप्त गरेको प्रतिफल र परिवर्तनमा के सुधार ल्यायो र यो यथार्थमा आधारित छ की छैन सो कुराको समालोचनात्मक टिप्पणी गर्ने गर्दछ । टिप्पणी गर्ने कार्य लाभान्वीत समुदायका सदस्यहरु हुन सक्दछन । मूलतः सामाजिक परीक्षणलाई निम्न स्तरमा पनि हेर्न सकिन्छ :

(क) **सार्वजनिक परीक्षण** :- कुनै निश्चित परियोजना वा योजना सम्पन्न भएपछि जिम्मेवार समिति वा अधिकारीले उक्त योजनाबाट प्रभावित जनसमुदायलाई सार्वजनिक स्थानमा भेला गराएर योजनाले सम्पन्न गरेका कार्यक्रम तथा खर्चको सार्वजनिकीकरण गरी त्यस उपर उपस्थित लाभान्वित समुदायको राय, धारणा, तथा प्रतिक्रिया समेत प्राप्त गरी कार्यक्रमको बारेमा परीक्षण गरिन्छ । सुधारका उपाय र अब गर्नुपर्ने कार्य माथी जोड

दिईन्छ। योजनाको रुपरेखा माथी आलोचना भएको अवस्थामा जनताको राय लिई सुधारका कार्यतर्फ ठोस निश्कर्ष निकालिन्छ।

(ख) **सार्वजनिक सुनुवाई** :- सामाजिक परीक्षण अन्तर्गत सेवाग्राही र सेवा प्रदायक बीच हुने अन्तरक्रियात्मक सवाल जवाफको प्रक्रिया नै सार्वजनिक सुनुवाई हो। यस प्रक्रियामा विशेष गरी सेवा उपभोग गर्ने क्रममा आइपर्ने समस्या बारे सर्वसाधारण जनताले दैनिक रुपमा प्रत्यक्ष सेवा दिनुपर्ने सेवा प्रदायक अधिकारी समक्ष खुलेर समस्या राख्ने गरिन्छ। साथै त्यसको छिटो एवम् प्रभावकारी समाधान खोज्नको लागि सम्बन्धित सेवाग्राही र सेवा प्रदायक अधिकारी एकै थलोमा भेला भएर प्रत्यक्ष सवालजवाफ गर्ने र सम्बन्धित सरोकारवाला एवं सेवा प्रदायकहरुले सुधारका लागि प्रतिवद्धता व्यक्त गर्ने प्रक्रिया सार्वजनिक सुनुवाई अन्तर्गत रहने गर्दछ। संस्थाले उपलब्ध गराएका योजना, सेवा र कार्य प्रक्रिया बीच आपसी छलफल समेत गरी निश्कर्षमा पुग्ने काम समेत हुन्छ। सेवा प्रदायकलाई सही मार्ग निर्देश गर्ने कार्यमा सार्वजनिक सुनुवाईको स्थान महत्वपूर्ण रहने समेत गर्दछ।

३. **कानूनी व्यवस्था :-** लोकतान्त्रिक परीपाटीमा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई असल पहरेदार हुन। सुशासन, सञ्चालन तथा व्यवस्थापन ऐन, २०६३ तथा नियमावली, २०६४, सूचनाको हक सम्बन्धि ऐन, नियम, राज्यका नीति तथा निर्देशक सिद्धान्त, सामाजिक परीक्षण कार्य सञ्चालन निर्देशिकाहरुले पनि सामाजिक परीक्षणलाई विशेष जोडबलका साथ अगाडी ल्याएको छ। लगानीको उचित प्रतिफल प्राप्तीका लागि यो एक न्यायपूर्ण कार्य सम्पादन प्रक्रिया हो। समाजमा राज्यले गरेका लगानीलाई योगदानमूलक तवरले कसरी अगाडि बढाउन सकिन्छ सोको मूल मर्म नै सामाजिक परीक्षणभित्र रहने गर्दछ। राज्यका संरचना अन्तर्गत स्थानीय तहबाट सम्पादन भएका कार्यमा आम जनताको चासोलाई पुरा गर्न सामाजिक परीक्षणले थपबल समेत पुऱ्याउद्छ। फलस्वरुप विकास निर्माणका कार्यमा सवलता प्राप्त हुने गर्छ। पारदर्शीता र जवाफदेहिताको माध्यमबाट छिट्टै नै समृद्धि प्राप्त गर्न सकिने हुन्छ। यो एउटा कानूनी रुपमा स्वीकार गरिएको नियन्त्रणमूलक पद्धति हो। यसलाई अर्को शब्दमा Test of Control (नियन्त्रणको परीक्षण) पनि भन्ने गरिन्छ।

४. **संस्थागत व्यवस्था :-** कार्यक्रमको सफल कार्यान्वयनको लागि सामाजिक परीक्षणको प्रभावकारी संयोजन एवम् अनुगमन गर्नका लागि केन्द्रस्तर र कार्यसञ्चालन स्तर गरी दुई किसिमले संस्थागत विकास गर्न सकिन्छ। राज्यको संरचना अनुसार संघ, प्रदेश र स्थानीय तहमा यो प्रक्रिया बढी उपयोगी हुन्छ। अझ सबै भन्दा बढी उपयोगी स्थानीय तहमा हुन्छ। सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षणको संस्थागत व्यवस्था मूलतः २ किसिमले गर्न सकिन्छ।

लाभग्राही समुदाय र लाभ प्रदायक बीच स्थायी संयन्त्र बनाएर, अथवा सामाजिक परीक्षक छनौट गरेर सामाजिक परीक्षणको संस्थागत व्यवस्था गर्न सकिन्छ ।

५. **सामाजिक परीक्षणका विषयहरु :-** स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रम अन्तर्गत निम्न विषयहरु सामाजिक परीक्षणका विषयहरु हुन सक्छन :

सामाजिक विषयहरु	पूर्वाधार सम्बन्धी विषयहरु
आमा सुरक्षा कार्यक्रम, निःशुल्क स्वास्थ्य उपचार सेवा, निःशुल्क औषधी वितरण, नवजात शिशुको उपचार, संक्रामक रोगहरु, खोप सेवाहरु, उपचारका उपकरण, सरसफाई, सिँचाई तथा कूलो, बानी व्यवहार, खाद्य सुरक्षा र पोषण, पशुपंक्षी, जल उत्पन्न प्रकोप, आपूर्ति, पर्यटन, सूचना प्रविधि, वातावरण, न्याय व्यवस्था, वित्तीय सुशासन, लैङ्गिक समनता, सामावेशीकरण, श्रम तथा रोजगारी, तथ्याङ्क प्रणाली, मानव बेचबिखन, श्रोत साधनको बाँडफाँड, स्थानीय कर तथा शुल्क, सहकारी व्यवस्था	कृषि उपज, वीउ विजन वितरण, बजार व्यवस्थापन, खानेपानी आपूर्ति, उद्योग व्यवसाय, वाणिज्य प्रशासन, नवीकरणीय उर्जा, यातायात व्यवस्थापन, भवन र आवास, सूचना तथा सञ्चार, शहरी विकास, स्थानीय पूर्वाधार, खेलकुद, संस्कृति, विपद् व्यवस्थापन, सुरक्षा व्यवस्था, जलवायु, जनसहभागिता, योजना तर्जुमा र कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, अनुसन्धान तथा विकास, व्यापार तथा आपूर्ति व्यवस्थापन, प्राकृतिक श्रोत व्यवस्थापन, घट्ना दर्ता व्यवस्थापन, जेष्ठ नागरिक, गैर सरकारी संस्था, श्रोत परिचालनका आधार, वन व्यवस्थापन र पुनरस्थापना

६. **सामाजिक परीक्षणका आधारभूत सिद्धान्त** :- सामाजिक परीक्षणका विषयहरुको प्रवाहित सेवाको कार्यसम्पादन स्तर जाँच गर्न देहाय बमोजिमका आधारभूत सिद्धान्त पालना गरिनुपर्दछ :

(क) **बहुपक्षीय र विस्तृत** :- सामाजिक विषयहरुको सार्वजनिक परीक्षणमा ति विषयको सवलता, दुर्वलता, अवसर र उपलब्धीको बहुपक्षिय र विस्तृत रुपमा निश्कर्ष निकाल्ने गरी विधि र प्रक्रिया तय गरिनुपर्दछ । सबै पक्ष उक्त विधि र प्रक्रियामा समाहित हुनुपर्दछ ।

(ख) **सहभागितामूलक** :- स्थानीयतहका कार्यक्रममा सशक्तिकरण ल्याउन र लगानीका योगदानलाई उपलब्धी मूलक बनाउन सरोकारवालाहरुको यो प्रक्रियामा जनसहभागिता रहनु पर्दछ । सहभागीता वेगर, सामाजिक परीक्षणको औचित्य रहदैन ।

(ग) **नियमितता** :- स्थानीयतह संग सम्बन्धित समसामयिक सामाजिक सवालहरुलाई नियमित रुपमा सम्बोधन गर्नुपर्ने सिद्धान्त पनि छ । परिणाम स्वरुप सामाजिक परीक्षणले त्यस्ता

विषयकेन्द्रीत क्षेत्रलाई समुदायको सरकारको रुपमा स्थापित गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

(घ) **पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व** :- वित्तीय जवाफदेहिता, उत्तरदायिपूर्ण तथा दक्ष प्रशासनयन्त्रको कमजोरीपनामा मुलुकले आर्थिक समुन्नतीको गति लिन सक्दैन । राष्ट्र राजनीतिक बहुलवादमा प्रवेश गरेको दुई दशक भन्दा बढी समय व्यतित भएतापनि सबै किसिमको प्रशासनिक र आर्थिक गतिविधीमा जवाफदेहिताको प्रवर्द्धन हुन नसकेको स्थितिले गुणस्तरिय ह्रासलाई दिनानुदिन संकेत गर्दै आएको छ । अनियमितता, हानी नोक्सानी, रिसवतको लेनदेन जस्ता कार्यले अपेक्षाकृत असल अभ्यासको मार्गलाई दिशाबोध गर्न नसकेको स्थिति विद्यमान छ । विकृति र विसंगति बाट प्रशासनिक तथा वित्तीय जवाफदेहिताले आमूल परिवर्तनको रोडम्याप कोर्न सकेको छैन । सञ्चारमाध्यमबाट दिनानुदिन सुनिएका आर्थिक अनियमितता र वित्तीय जवाफदेहिताको कमजोर प्रक्रियाले जनसरोकारका दैनिक काम कारवाहीलाई प्रत्यक्ष प्रभावित पारेको छ । प्रशासन यन्त्रलाई सुझबुझ तथा जवाफदेही बनाउन लागु गरिएका नीति तथा कार्यक्रमले खासै फड्को मार्न सकेको देखिदैन । काम प्रतिको कमजोर जवाफदेहीपनले प्रशासनयन्त्रलाई चुनौतीको स्थितिमा धकेलेको अवस्था पनि विद्यमान छ । जबसम्म वित्तीय जवाफदेहीतालाई गुणात्मक तवरले राजनीतिबाट अलग गरी स्तरिय बनाउन सकिदैन, तबसम्म अशल शासनको प्रत्याभूति जनतालाई दिलाउन नसकिने स्थिति कायम रहन्छ । वित्तीय जवाफदेहितालाई गुणस्तर आश्वस्तता एवं कार्य सम्पादन मूल्याङ्कनसंग समन्वय गरी संघीय शासन प्रणालीमा जवाफदेहिता बहन गर्ने चूनौतिको सही किसिमबाट समाधान गर्न सक्नु नै आजको प्राथमिकताको सूचि हो । तसर्थ जवाफदेहितालाई नियन्त्रणमा ल्याई कार्यक्रमको उपलब्धी हासिल गर्न तथा चुनौतिको सम्बोधन गर्न सार्वजनिक परीक्षण एक औजारको रुपमा स्वीकार गरेको न्यायसंगत सिद्धान्त हो ।

७. **कार्यान्वयन रणनीति :-** सार्वजनिक परीक्षण कसरी गर्ने सोको योजना, संगठन व्यवस्थापन, सरोकारीत समूह, समन्वय नियन्त्रणको परीक्षण, प्रतिवेदन, छलफल तथा निश्कर्ष र तत्काल सुधार गर्नुपर्ने र दीर्घकालीन रुपमा सुधार गर्ने मार्ग हरेक कार्यक्रम र योजनामा गर्नुपर्ने हुँदा सोको कार्यान्वयन रणनिति तयार गर्नु आवस्यक हुन्छ । सामाजिक परीक्षणले तयार गरेको रणनीतिहरुलाई कार्यान्वयनमा ल्याउन योगदान समेत पुऱ्याउँदछ ।

८. **सामाजिक परीक्षणका चरण :-** कुनै विषय तथा योजनामा सामाजिक परीक्षण गर्नुपर्दा देहायका चरणहरुलाई कार्यान्वयनमा ल्याउनु पर्दछ :

(क) पहिलो चरण - कार्ययोजना तयारी

(ख) दोश्रो चरण - क्षमता अभिवृद्धि

(ग) तेश्रो चरण - परीक्षणको कार्यान्वयन

(घ) चौथो चरण - परीक्षण कार्यान्वयन

(ङ) पाँचौ चरण - आम भेलाको आयोजना

(च) छैठौ चरण - प्रतिवेदन

९. **सामाजिक परीक्षण प्रतिवेदन** :- सामाजिक परीक्षण प्रतिवेदनमा खुलाउनु पर्ने व्यहोरा निम्न छन् :

(१) पुष्ठभूमी,

(२) कार्यक्रम/संस्थाको बारेमा संक्षिप्त जानकारी,

(३) परीक्षण गर्नुपर्ने मुख्य उद्देश्य,

(४) सामाजिक परीक्षणको अवधि,

(५) परीक्षणका विधि र प्रक्रिया,

(६) परीक्षणमा समेटिएका मुख्य क्षेत्र,

(७) सम्पन्न गरिएका मुख्य मुख्य क्रियाकलाप,

(८) परीक्षणले उठाएका मुख्य नतिजा,

(९) सवल पक्षहरु,

(१०) दुर्वल पक्षहरु,

(११) आमभेला,

(१२) जिज्ञासा र सम्बोधन,

(१३) निकायको प्रतिक्रिया र प्रतिबद्धता,

(१४) कार्ययोजना निर्माण,

(१५) परीक्षकको मन्तव्य र अन्य आवश्यक विवरण ।

उल्लेखित व्यहोराहरु समावेश गरी सामाजिक परीक्षण प्रतिवेदन तयार गरिन्छ । प्रतिवेदनले मुलत: आगामी दिनमा के कस्ता सुधारहरु कार्यान्वयन गरी उपलब्धीलाई ठोसपूर्ण बनाउन सकिन्छ, यस

बारेमा गहनतम निष्कर्ष दिने गर्दछ । प्रतिवेदन तयार गर्दा सक्षमतालाई विशेष रुपमा ध्यान समेत दिनुपर्दछ ।

१०. सामाजिक परीक्षणमा प्रतिवेदन उपलव्ध गराउँदा खुलाउनु पर्ने प्रमुख विषयहरु निम्न हुन सक्छन् । जुन यसप्रकार छन् :

- Economic aspect
- Social and empowerment aspect
- Environmental aspect

११. सामाजिक परीक्षण गर्दा आधारभूत कागजातको कार्यविधिलाई कार्यान्वयनमा ल्याउनु पर्ने हुन्छ । यी कार्यविधिहरु निम्न हुन सक्छन् :

- Document Review
- Observation and Discussion
- Preparation of Draft Report
- Finalize the Report and incorporating Feedback

१२. **अन्तिम लेखापरीक्षण र सामाजिक परीक्षण बिचको सहसम्बन्ध :-** जुन योजना तथा कार्यक्रम र संस्था वा निकायबाट प्रवाहित सेवाको सवलिकरणमा सामाजिक परीक्षण, सार्वजनिक परीक्षण एवं सार्वजनिक सुनुवाई भएको छ, उक्त कार्यक्रम तथा योजनामा मूलतः जोखिम कम हुने हुँदा लेखापरीक्षणमा लाग्ने समय एकातर्फ कम हुन्छ भने अर्कोतर्फ उपलब्धीको आश्वस्तता बढी हुने गर्छ । यसले सारभूत रुपमा वित्तीय जोखिम न्यून गरी नोक्सानी घटाउन मद्दत गर्दछ । नियमितताको अतिरिक्त योजना छनौट, बजेट निर्माण र कार्यान्वयन, आन्तरिक नियन्त्रण प्रणाली, सार्वजनिक सेवा प्रवाह, विकास निर्माण तथा तिनको अनुगमन तथा सुपरीवेक्षण स्थितिलाई सार्वजनिक परीक्षणले यर्थाचित निश्कर्ष निकाल्ने हुँदा सोबाट परेको असर अन्तिम लेखापरीक्षणमा विश्लेषण गर्न मद्दत पुऱ्याउछ । सार्वजनिक निकायको सेवा प्रवाहमा सामाजिक परीक्षणका विधिले सुधार हुने र श्रोतको अधिकतम उपयोग हुने स्थितिले अन्तिम लेखापरीक्षणमा सामाजिक परीक्षण एउटा सहयोगी भूमिका निर्वाह गर्ने प्रमुख औजारको रुपमा पनि यसलाई गणना गर्न सकिन्छ । मूलतः अन्तिम लेखापरीक्षणमा सामाजिक परीक्षणले निम्न विषयमा सहयोग पुऱ्याउदछ ।

- लेखापरीक्षणमा लाग्ने समयलाई घटाउने कार्यमा भूमिका खेल्दछ ।

- कार्यक्रम तथा योजनामा निहित जोखिम र परेको प्रभाव एवं असरलाई बाहिर ल्याउने हुँदा Material Misstatement (सारभूत असर) परेको छ छैन सोको निश्कर्ष दिने हुँदा सहयोगीको भूमिका प्रदान गर्दछ ।
- हरेक याजना तथा कार्यक्रममा सार्वजनिक परीक्षण अपनाएको अवस्थामा कार्यक्रम लागतको उपलब्धीमा वित्तीय जोखिम कम हुने हुँदा लेखापरीक्षणको आश्वस्तता वृद्धि हुने हुन्छ ।
- सार्वजनिक सुनुवाईको माध्यमबाट निकालिएको निश्कर्षबाट सेवा प्रवाह स्तरिय हुन जाँदा योजना तथा कार्यक्रमको प्रक्रियामा आन्तरिक नियन्त्रण मजवुत कायम हुने हुँदा लेखापरीक्षणलाई Test of Control पक्षमा आश्वस्तता हुन मद्दत गर्दछ ।
- जहाँ सार्वजनिक परीक्षण तथा अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सशक्तिकरण गरिएको हुन्छ त्यहाँ लेखापरीक्षणका कार्यविधि Test of details र Substaintive Procedures हरुलाई नमुना छनौटमा आधारित रही लेखापरीक्षण सम्पन्न गरिन्छ । सो बाट लाभको बाँडफाँडमा लेखापरीक्षणबाट धेरै ध्यान दिन पनि आवश्यक पर्दैन ।
- सार्वजनिक परीक्षणमा सूचना माग गर्ने र सेवा प्रदायक बीच सूचना प्रवाह गर्ने संस्कार स्थापित हुने हुँदा लेखापरीक्षणको लागि सहजै सूचना प्राप्तीमा सहयोग पुग्दछ ।

१३. **वित्तीय जवाफदेहिता र सामाजिक परीक्षण** :- राज्यको मूलभूत उद्देश्य सार्वजनिक श्रोतको दक्ष एवम् सर्वोत्तम परिचालन गर्नु हो । यसको वित्तीय जवाफदेहिताको संस्कारमा सार्वजनिक परीक्षणले खेल्ने भूमिका र सदाचार प्रवर्द्धनमा ठूलो भूमिका राख्न सक्दछ । सार्वजनिक खर्चको पारदर्शिता अभिवृद्धि गर्न सरकारी निकायका कार्यक्रम तथा खर्चलाई सार्वजनिकीकरण गर्ने पद्धतिको विकासले स्वतः वित्तीय जवाफदेहितामा आमूल परिवर्तन हुन जान्छ । सामाजिक परीक्षणले वित्तीय जवाफदेहितामा समग्र रुपमा देहाय बमोजिमको भूमिका खेल्नमा सहयोग पुऱ्याउदछ :

- बजेट अनुमान कार्यक्रममा आधारित बनाउन ठूलो भूमिका खेल्दछ,
- समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक योजना बनाउन महत्वपूर्ण स्थान राख्दछ,
- समयमै ठेक्का बन्दोबस्त गर्न र चालु खर्चको मात्रात्मक वृद्धिलाई नियत्रणमा ल्याउन सहयोग पुऱ्याउदछ,
- अन्तिम लेखापरीक्षणको समय र लागत घटाई बस्तुपरक बनाउन भूमिका खेल्दछ,
- बेरुजूको मात्रा घटाई बेरुजू नै नहुने गरी खर्च व्यवस्थापनमा ठूलो स्थान राख्दछ,
- खरिद प्रक्रियालाई मित्व्ययी र प्रतिस्पर्धि बनाउन सहयोग पुऱ्याउँदछ,

- कार्यक्रम तथा खर्चहरुलाई सार्वजनिकी करण गरी पारदर्शीतामा वृद्धि ल्याउँछ,
- याजनाहरुको लागत र लाभको विश्लेषणमा सहयोग पुऱ्याउँदछ ।

१४. **स्थानीय तह र सामाजिक परीक्षण :-** राज्यको पुनरसंरचना अन्तर्गत तल्लो तहमा रहेको स्थानीय सरकारसँग सामाजिक परीक्षणको अन्तरसम्बन्ध निकै नै फराकिलो बनाउने अवस्था वर्तमान कार्य प्रणालीले उजागर गरेको छ । स्वास्थ्य, शिक्षा, कृषि, स्थानीय पूर्वाधार तथा स्थानीय प्रशासनसँग सम्बन्धित हरेक क्रियाकलापको योजना, बजेट, कार्यक्रम, उपलब्धी स्थानीय सरकारमा विकेन्द्रीत भएको अवस्था छ । सहयोग समूह, कर्मचारी, उपभोक्ता समिति, नागरिक समाज लगायतबाट जनतालाई प्रत्यक्ष फाइदा पुऱ्याउने कार्यहरु सम्पादन हुने स्थिति छ । विकास निर्माणसँग सम्बन्धित बजेट तथा अनुदान समेत केन्द्र सरकारबाट प्रवाहित भई कार्यान्वयनमा समेत लाइएको छ । राजस्व, शुल्क तथा स्थानीय करको विषय लगायत सामाजिक पाटाका विभिन्न विषयहरु समेत स्थानीय तहमा अधिकार प्रत्यायोजित भएकोले जनताको चासो समेत यसमा बढेको छ । तसर्थ सरकार तथा स्वयं स्थानीय तहबाट जनतामा पुऱ्याउने योगदानको कार्यान्वयन स्थितिलाई मूल्याङ्कन गर्न जरुरी पनि हुन्छ । जनताका आम बग्रेल्ती अपेक्षा छन् । मागमा आधारित योजना तथा कार्यक्रम छनौट गर्न स्थानीय तहमा धेरै चुनौति समेत देखा परेको कारणले चुनौति समाधान गर्न जनतासँग सवाल जवाफको स्थितिलाई अगाडि बढाउनु पर्ने अवस्था समेतलाई इंगित गरेको छ । जनतासँग प्रत्यक्ष सरोकार राख्ने र सेवा प्रवाहलाई प्रभावकारी बनाउन सामाजिक परीक्षणका विषयलाई स्थानीय सरकारले अपनत्व लिन आवश्यक पनि छ । सामाजिक र साँस्कृतिक क्रियाकलापमा स्थानीय तहको भूमिका र जनताले चाहेको अवस्थाको बारेमा दुबैबीच छलफल जरुरी छ । त्यस्तै जनताको आवश्यकता पूरा गर्ने सन्दर्भमा आपूर्तिगत व्यवस्थामा भएको हैरानी, मूल्य, बजार व्यवस्थाको सन्दर्भमा पनि सामाजिक परीक्षण आवश्यक छ । त्यस्तै भौतिक पूर्वाधार तथा संरचना निर्माणमा योजना छनौट, सम्भाव्यता अध्ययन, नागरिकमा पार्ने प्रभाव, त्यसबाट सिर्जना हुने उपलब्धी, बजेट तथा कार्यक्रमको प्रवाहीकरण, प्रक्रियागत लागत र समयबीच केन्द्रीत रही उल्लेखित विषयमा ध्यान पुऱ्याई सामाजिक परीक्षण गर्न जरुरी भएको अवस्था सृजना भएको छ । साथै खर्च गरी सेवा प्रवाहमा परेको योगदान सम्बन्धमा खर्च तथा वित्तीय जवाफदेहीताको सार्वजनिक परीक्षण, नागरिकको अपेक्षा तथा सन्तुष्टि, कार्यक्रम तथा कार्य योजनाको छलफल तथा निष्कर्ष स्थानीय तहमा अति आवश्यक छ । जनता वर्तमान स्थितिमा स्थानीय सरकारका हरेक क्रियाकलापमा आश्वस्त हुन चाहान्छन् र हुनु पनि पर्दछ । तसर्थ स्थानीय तहमा सामाजिक परीक्षण अन्तर्गतका विभिन्न प्रक्रियालाई बेलैमा अगाडि बढाउन सकियो भने पारदर्शीताको प्रबर्द्धन हुन पुगी अपेक्षाको उद्देश्य पूर्ति हुन पुग्दछ । यस विधिमा सम्बन्धित पक्ष सबै प्रभावकारीताका साथ अगाडि बढ्न आवश्यक भएको छ ।

स्थानीय सरकारले सञ्चालन गरेको र गर्नुपर्ने सामाजिक पक्षसँग सम्बन्धित शान्ति सुरक्षा, सेवा प्रवाह, कर शुल्क, सामाजिक न्याय प्रणाली, खेलकुद, युवा, पर्यटन, आय र खर्च प्रणाली, कार्य व्यवहार लगायतमा सार्वजनिक सुनुवाई महत्वपूर्ण हुन जान्छ। त्यस्तै लाभग्राही समूहद्वारा काम गराउँदा वा उपभोक्ता समितिबाट काम गराउँदा उपभोक्ता समितिले प्राप्त गर्ने रकम र सार्वजनिक हितको लागि गरेको खर्चको आश्वस्तता लाभग्राही समूहबीच नै जानकारी हुनुपर्ने अवस्था रहन्छ। यस्तो अवस्थामा गरेको कार्य उपलब्धी एवं आम्दानी खर्चको सार्वजनिक परीक्षण प्रत्येक क्रियाकलापमा अनिवार्य गर्न सकियो भने उपलब्धीको लाभदायकता अधिक हुन जान्छ। यसबाट प्रत्येक क्रियाकलापमा सार्वजनिक जवाफदेहितामा वृद्धि हुने र वित्तीय जवाफदेहिता पनि कायम रहने स्थितिले स्थानीय तहमा यी दुबै प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन लाभप्रदायक पक्ष सम्वेदनशील र गम्भीर हुनुपर्दछ। स्थानीय तह मूलतः जनताको आधारभूत आवश्यकतासँग सम्बन्धित पनि छ। त्यसैले स्थानीय तहका हरेक सरकारले सामाजिक परीक्षण र नियन्त्रणको परीक्षणलाई प्रतिबद्धताका साथ अगाडि बढाउन आवश्यक भइसकेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगर प्रहरी, सहकारी संस्था, एफ.एम.सञ्चालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क र अभिलेख संकलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाई, गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, स्थानीय अभिलेख व्यवस्थापन, जग्गा धनी दर्ता प्रमाणपूर्जा वितरण, कृषि तथा पशुपालन कृषि उत्पादन व्यवस्थापन एवं पशु स्वास्थ्य तथा सहकारी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन, बेरोजगारको तथ्याङ्क संकलन, कृषि प्रसारको व्यवस्थापन सञ्चालन र नियन्त्रण, खानेपानी साना जलविद्युत आयोजना र वैकल्पिक उर्जा, विपद् व्यवस्थापन, जलाधार, वन्यजन्तु, खानी तथा खनीज पदार्थको संरक्षण, भाषा सँस्कृति र ललितकलाको संरक्षण र विकास, सामाजिक सुरक्षा र गरीबी निवारण लगायतका कार्यमा सामाजिक परीक्षणको रुपमा रहेका २ औजार सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाईलाई जोड्न सकिन्छ। उल्लेखित क्रियाकलापमा विशेष प्राथमिकताका साथ सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षणको मात्रालाई तादाम्यता मिलाउन सकेमा कार्यको उपलब्धी र गर्नुपर्ने सुधारबीच समन्वय हुने गर्छ र योजनाबद्ध प्रणालीले मूर्तरुप लिन सक्दछ। तसर्थ सामाजिक परीक्षणले स्थानीय सरकारले सञ्चालन गर्ने हरेक क्रियाकलापमा महत्वपूर्ण स्थान समेत राख्दछ।

१५. **चौधौं योजना र सामाजिक परीक्षण** - चौधैं योजना (२०७३।७४-२०७५।७६) ले अनुगमनलाई आयोजना चक्रका चरणहरुको अभिन्न अङ्गको रुपमा विकास गरी नतिजामूलक अनुगमन प्रणालीको कार्यान्वयनमा जोड दिएको छ। साथै आयोजनाको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई लगायतका सामाजिक उत्तरदायित्वका विधिहरुको माध्यमबाट स्थानीय तहको विकास प्रक्रियालाई पारदर्शी तथा उत्तरदायी बनाइने कार्यनीति समेत लिएको छ। वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रलाई सुदृढ गरिने, लाभको हिस्सेदारीमा नागरिकको अपनत्व तथा अर्थपूर्ण सहभागिता सुनिश्चित हुने व्यवस्था समेत चौधौं योजनाले लिएको छ। सो अनुरुप चौधौं योजनाले मूलभूतरुपमा स्थानीय निकायलाई सेवाग्राहीप्रति बढी उत्तरदायी बनाउने गरी कार्य प्रणालीलाई प्रभावकारी बनाउने उद्देश्य समेत राखेको हुँदा हरेक कार्यसँग आबद्ध हुने गरी सामाजिक परीक्षणलाई एक महत्वपूर्ण अङ्गको रुपमा ग्रहण गर्नुपर्ने अवस्था छ। सामाजिक परिचालन तथा लक्षित कार्यक्रमलाई प्रभावकारी बनाउन, स्थानीय शासनमा जनस्वामित्व स्थापना गर्न, जनताको सहभागितामा योजना तर्जुमा र कार्यान्वयन गर्न सामाजिक परीक्षण एक ज्यावलको रुपमा समेत लिन सकिन्छ। फलस्वरुप यसको नतिजामूलक प्रयोगबाट संघीय संरचना अनुकूल सहभागितामूलक, समावेशी, समन्यायीक, उत्तरदायी र स्वायत्त शासनको उपलब्धीलाई सहजै मापन समेत गर्न सकिन्छ। सामाजिक परीक्षणको अभ्यासले जनतामा शासन प्रतिको सचेतना, सहभागिता तथा अधिकार प्रतिको चासोलाई बढाउन थप बल समेत पुऱ्याउँदछ। शक्ति र स्रोतप्रति जनताको पहुँच पुग्न सकेमा राष्ट्रले विकासको द्रुतता सजिलै लिन सक्ने हुँदा अपनत्व लिने कार्यमा सामाजिक परीक्षणको क्षेत्रलाई फराकिलो समेत बनाइनु पर्दछ।

१६. **निश्कर्ष :-** स्वच्छ प्रशासन नै आजको मुलुकको लागि मुख्य आधारसिला हो। प्रशासन यन्त्रबाट पुऱ्याइने सेवामा प्रभावकारीता, प्रशासनिक निर्णयमा पारदर्शिता, कार्य सम्पादनमा निश्पक्षता, भ्रष्टाचार रहित प्रशासन र अनुचित फाईदाको लालसाबाट मुक्त गुणहरु भएको प्रशासन नै आजको जनअपेक्षा पूर्ति गर्ने शासन प्रणाली हो। लगानीको लागत, लाभको बाँडफाँड र जनउत्तरदायी कार्य संस्कृतिको विकासमा सार्वजनिक परीक्षणले महत्वपूर्ण भूमिका खेल्ने हुँदा यस्तो प्रक्रिया हरेक कार्यको सहयोगी बन्न सक्छ। सोबाट वित्तीय जवाफदेहिता, उत्तरदायीत्व र पारदर्शितालाई बढवा दिने हुँदा कार्यक्रमले ठोसरुपमा गति लिन पुगी समृद्ध नेपालको खाका कोर्नमा थप बल पुऱ्याउदछ। सदैव जनआकंक्षा प्रतिसचेत भई दायित्व निर्वाह भएमा मात्र मुलुकमा विकास प्रशासनले आवश्यक गति लिन सक्दछ। त्यसैले अनुगमन मूल्याङ्कन, सार्वजनिक परीक्षण र छलफल तथा निश्कर्षलाई व्यवस्थित एवं नतिजा मूलक बनाउने तर्फ सबै पक्षबाट ध्यान दिन आवश्यक छ। सरकारी निकायहरु तथा आयोजना/कार्यक्रमहरुबाट सम्पादीत विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाह लगायतका विषयहरुमा कार्यदक्षता र प्रभावकारीता ल्याउन सामाजिक परीक्षण एक कोशे ढुङ्गाको रुपमा लिन सकिन्छ। जसबाट सार्वजनिक निकायहरुको सेवा

प्रवाहमा सुधार हुने तथा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने स्थितिको सिर्जना हुन पुगी सरकारले लिएका लक्ष्यहरु हासिल गर्न सहयोगी भूमिका निर्वाह गर्ने अपेक्षा गर्न सकिन्छ। सो प्रक्रियाबाट सार्वजनिक परीक्षण महत्वपूर्ण रही कार्यक्रमलाई लाभदायकतामा परीणत गर्न सकिन्छ।

सन्दर्भ सामग्री :

www.google.com

www.oagnep.gov.nep

Social Audit Directives 2070 Health Sector

नेपालमा सार्वजनिक सेवा प्रवाहको अवस्था र स्थिति–सुधारका उपायहरु



✍ गम्भीर बहादुर हाडा*

सारांश

नयाँ सार्वजनिक सेवा सार्वजनिक प्रशासनको क्षेत्रमा आएको एउटा नयाँ अवधारणा हो । यसलाई सन् २००२ देखि प्रयोगमा ल्याएको हो । खासगरी यसको अवधारणा स्क्याण्डेनेभियन मुलुकहरुबाट आएको हो । नयाँ सार्वजनिक सेवाले जनतालाई ग्राहक होइन, नागरिकको रुपमा व्यवहार गर्नुपर्छ भन्ने मुल आवाजलाई आत्मसात गरेको छ । लोकतान्त्रिक शासन व्यवस्थामा जनतालाई नै शासन व्यवस्थाको सर्वाधिकार शक्तिका रुपमा स्वीकार गरिन्छ । यस्तो सर्वाधिकार शक्तिको सेवाका लागि सार्वजनिक संयन्त्रको स्थापना र विकास भएको हुन्छ ।त्यसैले सार्वजनिक संयन्त्रले जनताको हितमा काम गर्नुपर्छ । राज्य संयन्त्रले जनताका लागि विभिन्न वस्तु तथा सेवाहरुको उत्पादन तथा वितरणको व्यवस्था गरेको हुन्छ । यसरी जनतामा सेवा पुऱ्याउने मुख्यत तीनओटा अवधारणाहरु छन् । पेसाको व्यवसायिकताले सेवाको गुणस्तर सुधारमा विशेष ध्यान दिन्छ, जसको फलस्वरुप पेसा एक उच्चस्तरको सामाजिक प्रतिष्ठा भएको र सम्मान युक्त बन्न पुग्छ । सार्वजनिक सेवामा जवाफदेहिताको संयन्त्र कमजोर हुँदै गएको छ । केही काम नगरे केही जवाफ दिनु पर्दैन, केही काम गर्दा जवाफ दिनुपर्छ, त्यसैले (कारण अनेक होलान्) सके कामै नगर्ने र गर्नै परे थोरैमात्र गर्ने अभ्यास पछिल्ला दिनहरूमा देखिएको छ । सार्वजनिक सेवाको जवाफदेहिता कमजोर छ भन्ने उदाहरण काठमाडौँ उपत्यकाका सडकमा परेका खाल्डा, निर्माण पुरा नगरी छोडिएका पूर्वाधार र मानिसको ज्यानै जाँदा पनि जवाफदेहि निकाय को हो भन्ने स्पष्ट हुन नसक्नु हो ।राज्यद्वारा नागरिकलाई प्रवाह गरिने सेवा चुस्त, प्रभावकारी, कम खर्चिलो र छिटो होस् भन्ने उद्देश्यले सार्वजनिक प्रशासनको जन्म र विकास भएको हो । विश्वव्यापीकरण, आर्थिक उदारीकरण, सूचना प्रविधिको नविनतम प्रयोगले एकातिर चुनौती खडा गरेका छन् भने अर्कोतिर बढ्दो भ्रष्टाचार एवं विकृति र विसंगतीले सेवाप्रवाह प्रभावकारी हुन सकेको छैन । सार्वजनिक प्रशासन सेवाप्रवाहमा सुधारोन्मुख छ तापनि अपेक्षित नतिजा हासिल हुन सकेको छैन ।यसका कारणहरु निम्नप्रकार छन् । सार्वजनिक सेवा प्रवाहमा सरकारी एकाधिकार र सेवाग्राहीप्रतिको

*सह-प्राध्यापक, अर्थशास्त्र, भक्तपुर बहुमुखी क्याम्पस

बेवास्ता, परम्परागत परिणामविहीन अदृश्य सेवा, प्रक्रियामुखी र नियन्त्रणमुखी कार्यप्रक्रिया, मानवीय व्यवहार विमुख कार्यपद्धती, पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व र अनुमानयोग्यता जस्ता सुशासनका मापनको अभाव, सूचनाको अपर्याप्तता वा सूचनाको पहुँचको अभाव, सेवा पाउनु ग्राहकको अधिकार हो भन्ने बुझ्न नसक्नु, सेवा प्रदायक निकाय वा अधिकारी सीधै सेवाग्राहीप्रति उत्तदरदायी हुनुपर्छ भन्ने मान्यता विकास हुन नसकेको, अधिकारको केन्द्रीकरण र बिकेन्द्रीकरणको अभाव, कर्मचारीको आफूलाई शासक ठान्ने धारणामा परिवर्तन हुन नसक्नु ।

नयाँ सार्वजनिक सेवा सार्वजनिक प्रशासनको क्षेत्रमा आएको एउटा नयाँ अवधारणा हो । यसलाई सन् २००२ देखि प्रयोगमा ल्याएको हुन् । खासगरी यसको अवधारणास्क्याण्डेनेभियन मुलुकहरुबाट आएको हो । नयाँ सार्वजनिक सेवाले जनतालाई ग्राहक होइन, नागरिकको रुपमा व्यवहार गर्नुपर्छ भन्ने मुल आवाजलाई आत्मसात गरेको छ । यसले लोकतान्त्रिक मुल्यहरुप्रति पुनर्विश्वास, बजार प्रतिस्पर्धा र ग्राहकको सट्टा लोकतन्त्र र नागरिकमा विश्वास सरकार व्यवसाय होइन भन्ने कुरामा जोड, जनतालाई सुनाउने होइन जनताको सुन्ने, दिग्दर्शन होइन सेवा गर्ने, नागरिक संलग्नता र लोकतान्त्रिक सुशासनलागायतका विशेषता बोकेको छ । साथै यसले प्रशासकहरुको भुमिकालाई वास्तविक रुपमै सम्बन्धित निकाय र निष्पक्ष रुपमा सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्ने दिशामा केद्रीन्त गरेको छ । सार्वजनिक निकायमा सेवाग्राहीको गुनासो सुन्ने छुट्टै अधिकृत, छुट्टै डेस्क र छुट्टै कार्यविधि तोकिनु पर्दछ । प्राप्त गुनासो उपर गुनासो सुन्ने अधिकृतले कुन कार्य प्रक्रियाद्वारा सो गुनासोको समाधान गरी सेवाग्राहीले अपेक्षा गरे अनुसारको सेवा प्राप्त गर्न सक्छन्, यसको सुनिश्चितता हुनु जरुरी छ । एक्कासौं शताब्दीमा उपभोक्ता रुपी जनतालाई सेवा पुऱ्याउन सहज छैन । हरेक सरकार समयानुकुल परिवर्तन उन्मुख सोचमा दत्तचित रहनु परेको छ । प्रशासनिक कौशलताको प्राण नै उच्च नैतिकता हो । त्यो व्यक्ति मात्र आदर्श हुन सक्छ जसमा उच्च नैतिकता हुन्छ । व्यवस्थापकीय नैतिकता अन्तर्गत निम्न पक्षमा ध्यान दिनु पर्दछ मातहत कर्मचारीलाई समान व्यवहार गर्नुपर्छ । कामको उत्तरदायित्व स्पष्ट हुनुपर्दछ । सुधारप्रतिको प्रतिवद्धता हुनुपर्छ । लोभ, रिस, निराशा एवं कुण्ठबाट उन्मुक्त हुनुपर्छ ।

राज्यको प्रमुख दायित्वमध्ये सामाजिक न्याय पनि एक हो । सामाजिक विविधताको सम्मान, व्यक्तिगतको स्वतन्त्रताको रक्षा, मौलिक तथा मानव अधिकारको प्रत्याभुति, संरक्षण र सम्बर्द्धन, पिछडिएको वर्ग, क्षेत्र र अल्पसंख्यकहरुको हकहितको संरक्षण जस्ता सामाजिक न्यायका विषयलाई वर्तमान शासकीय व्यवस्थाले सम्बोधन गर्नुपर्छ । जनतासँग निकट रही सेवा पुऱ्याउने कर्मचारीले सरकार र जनताको पुलको रुपमा काम गर्दछन् । कर्मचारीको मनोबलमा वृद्धि नभएसम्म जस्ता सुकै राम्रा अवधारणा ल्याए पनि ती सफल हुन सक्दैनन् । त्यसैले कर्मचारीको मनोबलमा वृद्धि ल्याउन मौद्रिक एवं गैर मौद्रिक तत्वहरुको उचित व्यवस्थागर्नुपर्छ । आफुभन्दा माथिका अधिकारीप्रति उत्तरदायी भए पुग्ने पुरानो पद्धतिले अव काम गर्न सक्दैन । त्यसैले सार्वजनिक पदाधिकारीहरु स्रोत र शक्ति दिने नागरिक प्रति सबै कर्मचारी प्रत्यक्ष उत्तरदायी

हुनुपर्छ । लोकतान्त्रिक व्यवस्थाको संचालन, विकास र दिगोपना कायम गर्न नागरिक शिक्षा अपरिहार्य छ । लोकतान्त्रक शासनको दिगोपनाका लागि नागरिक शिक्षा मार्फत नागरिकलाई शासकीय व्यवस्थाका हरेक अंग तथा प्रक्रियामा सहभागी गराउन पहल गर्नुपर्छ । लोकतान्त्रिक सुशासनको प्रवर्द्धनका लागि हाम्रा सरकारी वा सार्वजनिक संस्थाहरु यी संस्थाहरुको संगठनात्मक संरचना र प्रक्रिया, कार्यविधिहरु नागरिकको पहुचका लागि बाधक त छैनन् ? समीक्षा गर्नुपर्छ । यी संरचना भित्र नै नागरिकहरुको प्रतिनिधित्व गराउन सकिन्छ कि वा हाम्रा विद्यमान प्रक्रिया संशोधन गरेर प्रक्रियाको पारदर्शिताको ग्यारेन्टी गर्ने प्रक्रियामा नै जनताको संलग्नता हुने व्यवस्था गर्नुपर्छ ।

सेवा वितरणको सम्पादन स्तरलाई सेवा विशिष्टता, उत्पादक तथा वितरकको प्रर्याप्तता, कार्यकुशलता र प्रभावकारीता, सेवाको स्केल, लाभ तथा लागतको सम्वन्ध, ग्राहकप्रतिको जवाफदेहिता,गलत कार्यको छानविन, आर्थिक समता, अल्पसंख्यकको लागि समता, सरकारी निर्देशनको पालना र सेवाका आधारमा सरकारी संयन्त्रको स्वरुपको व्यवस्था जस्ता क्षेत्रहरुलाई ES savas ले १९८७ मा सेवा सम्पादनको स्तरको रुपमा उल्लेख गरेका छन् । यस्तै Osborne र Gaebler ले १९९२ मा ग्राहकमुखी अवधारणालाई यसरी उल्लेख गरेका छन । वितरण कार्यमा विशेष जोड दिने,सामाजिक सशक्तिकरणमा जोड दिने,प्रतिस्पर्धात्मक प्रणालीको प्रयोग वढाउने, दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य आदिको प्राप्तिमा जोड दिने, राजनीतिक नेतृत्वको माात्र नभई सर्वसाधारणको आवश्यकतालाई प्रथामिकता दिने,सेवा वितरण्मा देखिएका समस्यालाई प्रथामिकता दिएर समाधान गर्ने र सेवा वितरणलाई सहजीकरण गर्न बजार संयन्त्रको प्रयोग बढाउने । सार्वजनिक सेवाको स्तर कस्तो हुनुपर्दछ, भन्ने कुरा एउटा जटिल प्रश्न हो । हामीले उपभोग गर्दै आएको सेवाको स्तर के हाम्रो अपेक्षा अनुरुप रहेको छ वा के हाम्रो सेवाको स्तर विश्वका अरु मुलुकहरुमा प्रचलित स्तरको हाराहारीमा पुग्न सक्दछ ? यी प्रश्नको सकरात्मक उत्तर पाउन भने वहुत गाह्रो कार्य वन्दै गएको छ ।नागरिकलाई सशक्तिकरण गरी स्वच्छ जनमतको निर्माणद्धारा जिम्मेवार र उत्तरदायी शासन व्यवस्थाको लागि सूचनाको हक अपरिहार्य ठानी आधुनिक लोकतान्त्रिक राज्य व्यवस्थामा नागरिकको सुसूचित हुन पाउने हकलाई सम्मान, संरक्षण र प्रचलनको विशेष प्रत्याभूति गरिएको देखिन्छ । राज्य व्यवस्थाका विविध पक्ष एवं सार्वजनिक चासो र सरोकारको विषयमा आम नागरिक सुसूचित नभएसम्म लोकप्रिय सरकारको निमार्ण हुन सक्दैन । स्वस्थ जनमतले लोकतन्त्रलाई गतिशिलता प्रदान गर्दछ । जनताकोकर वाट चल्ने राज्यव्यवस्थाका काम कारवाहीमा जनता सुसूचित भई जनताको चाहना बमोजिम राज्यको शासनव्यवस्था सञ्चालन भएमा नै यस्तो शासनव्यवस्था जनताको नियन्त्रणमा रहेको र राज्यव्यवस्था जिम्मेवार र उत्तरदायी भएको मानिन्छ । राज्यका काम कारवाही प्रति विश्वास जगाउन त्यस्ता निकायहरुको सूचनामा जनताको सहज पहुँच हुनुपर्दछ ।

सन् १९८० को दशक पश्चात वेलायत, अमेरिका र न्यूजील्याण्ड आदि मुलुकहरुमा चलेको उपभोक्ता आन्दोलनले सरकार खराब छ र निजी क्षेत्र राम्रो छ भन्ने आधारणको विकास गरेको देखिन्छ । फलस्वरुप छरितो र सानो सरकार, निजीकरण, एजेन्सीकरण, जस्ता अवधारणाले महत्व पाउन थालेको पाईन्छ । यसै

तथ्यको आधारमा विश्वमा विभिन्न राष्ट्रले सार्वजनिक सेवाको क्षेत्रमा सुधारात्मक प्रक्रियाहरु अवलम्बन गरी सरकारले नागरिकको खास खास क्षेत्रमा जिम्मेवारी वहन गरी अन्य सरोकारवाला विषयहरुमा निजी क्षेत्र, सार्वजनिक संस्थानहरु समुदायिक संस्था, नागरिक समाज जस्ता संघ संस्थाहरुलाई संलग्न गराई सार्वजनिक सेवा प्रदान गर्ने कार्य गरेको देखिन्छ । तर ती निकायहरुको लागि सरकारले नीतिगत मार्गदर्शन दिने, अनुगमन गर्ने र नियमन गर्ने जस्ता कार्यहर निरन्तर गरिरहेको हुन्छ । एकाइसौँ शताब्दीको सुरुवातदेखि नै सार्वजनिक प्रशासनलाई वजारीकरण गर्ने अवधारणाले नागरिकहरुको हैसियतलाई विर्सेर ग्राहकको रुपमा मात्र लिएको भनी कडा आलोचना हुन थालेको पाइन्छ । नयाँ सार्वजनिक व्यवस्थापनमा कर्मचारीहरुको प्रतिक्रिया स्वरुप नवीन सार्वजनिक सेवाले सार्वजनिक प्रशासनको क्षेत्रमा प्रभाव पार्न थाल्यो । सार्वजनिक प्रशासनको अध्ययनमा तथ्यलाई मात्र होईन मूल्यहरुप्रति संवेदनशील हुनु पर्ने, व्यक्तिगत मानवीय व्यवहारलाई वस्तुगत व्यवहार भन्दा बढी प्राथामिकता दिनुपर्ने र वस्तविक जनता संगको सम्बन्धमा मानवीय संवेदना, भावना एवं मनोवैज्ञानिकलाई बढि ध्यान दिनु पर्ने भन्ने आधारणा नै नयाँ सार्वजनिक सेवको स्वरुप मान्न सकिन्छ । नवीन सार्वजनिक सेवा सार्वजनिक प्रशासनको क्षेत्रमा आएको एउटा नयाँ आधारणा हो ।यो अवधारणा मूलत : स्केन्डिनेभियन मुलुकहरुबाट आएको हो । नवीन सर्वाजनिक सेवाले जनतालाई ग्राहक होईन, नागरिकको रुपमा व्यवहार गर्नुपर्छ भन्ने मूल आसयलाई आत्मसात गरेको छ । नवीन सार्वजनिक सेवाले खासगरी लोकतन्त्रिक मूल्यहरुप्रति पुनर्विश्वास, वजनर प्रतिस्पर्धा र लोकतन्त्र, नागरिक विश्वास, सरकार व्यवसाय हाइन, सेवादायक, जनतालाई सुनाउने होइन जनताको सुन्ने, दिग्दर्शन होइन सेवा गर्ने लोतान्त्रिक सुशासन आदि मान्यता राखेको हन्छ ।

सरकारले वर्तमान अवस्थामा जनताको सरोकारको लागि चाहिएका सरकारी कदमहरुलाई लागि निरन्तरता दिनु पर्दछ । क्षणिक प्रसिद्धि र हठात निर्णयले मात्र सरकारको छविमा दिर्घकालिन असर पर्न जाने हुनाले जनताको प्रमूख समस्याहरुमा गम्भिर हुनुपर्ने देखिन्छ । सरकारी क्षेत्रले नागरिक समाजलाई पूर्ण रुपमा विश्वास गर्न नसकेको र नागरिक समाजले जनताप्रति उत्तरदायी हुन नसकेको र दण्डहीनताको प्रवृत्ति मौलाउँदै जानु र राज्य संचालनका हरेक क्षेत्रमा राजनीतिहाभी हुनुको अहिले सार्वजनिक सेवा प्रवाहमा प्रश्न चिन्ह खडा गर्न लागेको अनुभव हुदैँ छ । मागअधिकारका आधारमा ग्रामीण विकास सञ्चालन गरिन्छ न कि आपूर्तिका आधारमा वा माथिबाट लादिएको विकास प्रक्रियाका आधारमा वा अन्य व्यक्ति संस्थाका प्राथमिकताका आधारमा विकास थोपारिन्छ । योजना प्रक्रियाका प्रत्येक चरणमा सम्बन्धित सरोकारवाला व्यक्ति, विशेष गरेर विपन्न वर्गको सक्रिय सहभागिता जुटाई तिनको स्वामित्व सिर्जना गरी कार्य सञ्चालन गर्ने प्रक्रिया अवलम्बन गरिन्छ । मानव केन्द्रित विकास उत्पादनमुखी, बजारमुखी, वृद्धिमुखी र प्रविधिमुखीभन्दा पनि जनताका आवश्यकता, प्राथमिकता, माग र अधिकारमुखी हन्छ । मानव केन्द्रित विकास प्रक्रियाले साविकमा विषय क्षेत्रअन्तर्गत सोझै सञ्चालन गरिने परम्परालाई दुरुत्साहित गरी विषय क्षेत्रसंग सम्बन्धित सबै संस्था र कार्यक्रम एक आपसमा समन्वय गरी परिपूरक कायम गर्ने संस्थागत व्यवस्था समेत गरिन्छ र समुदाय, वस्ती गाउँस्तरमा परिपूरकता कायम गरी समावेशी सहभागितामुलक योजना प्रक्रिया अवलम्बन गरी समन्वयात्मक कार्यक्रम सञ्चालन गरिन्छ । समुदायलाई सशक्तीकरणका

लागि सामाजिक परिचालनका कार्यक्रम सञ्चालन गरी सहभागितामुलक, द्रुत लेखाजोखा विधिका विभिन्न मान्य विधि र तौरतरिका अवलम्वन गरी विपन्न वर्गलाई सक्रिय सहभागिता गराउन सहजीकरण गरिन्छ यस प्रक्रियबाट विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको अवधारणा पद्धति/प्रक्रियालाई स्थानीयस्तरमा कार्यान्वयन गर्न, गराउन प्राथमिकता दिइन्छ र निर्णय प्रक्रियामा जनताको स्वामित्व सम्वन्धित जनताको माग र आवश्यकता बमोजिम स्थानीयस्तरमा कार्यक्रम सञ्चालन गरिन्छन् ।

सार्वजनिक प्रशासन समाज व्यवस्थापनको बैधानिक संस्थागत संयन्त्र र राज्यइच्छाको कार्यात्मक पक्ष हो । राज्यले सम्पादन गर्ने कार्यहरु प्रशासनको घाटीवाट बाहिर निस्किएका हन्छन्, राज्य बैधानिक शक्तिको औपचारिक संयन्त्र मात्र हो ।राज्यले घोषणा गरेका जनइच्छाको पूर्तीगर्ने माध्यम भनेको प्रशासन हो । प्रशासनको निष्ठा, निष्पक्षता, दक्षता र इमान्दारीतावाट राज्यको प्रभावकारिता निर्धारित हुने हँदा प्रशासकिय प्रणालीको व्यावहार नैतिक हुनपर्दछ । भन्ने मान्यता राखिन्छ ।निजामतीप्रशासनको नैतिक व्यवहार भन्नाले असल आनीवानी र असल मनोवृतिको रुप भन्ने बुझिन्छ ।यसभित्र जनतालाई सेवा गर्ने मात्र पर्देन, यसका अलावा, यो काम दक्षतापूर्वक प्रभावकारी रुपमा इमान्दारिताका साथ वफादार भएर निष्पक्ष एव जवाफदेहीपर्ण सम्पन्न गर्नुपर्दछ । प्रशासकलाई प्राप्त हैसियत र अधिकार काननी परम्परागत र विवेकजन्य विषयवस्तको समष्टिरुप हो । प्रशासकिय कानन, कार्यविधि र निर्णयको सीमारेखामा हन्छ ।त्यो स्थापित र स्पष्ट पनि हुन्छ । जसको अतिक्रमण कानुनको दृष्टिवाट अमान्य रहेको हुन्छ ।

परम्परा र नजिरवाट स्थापित शक्ति पनि असीमित रहदैन् संस्थाकोसंरचना शैली, परम्परागत विरासतको निरन्तरता र समयको गतिका साथ आन्तरिक र वाह्य वातावरणको समायोजनवाट यसको औचित्य स्थापित गरेको हन्छ । तेस्रो विश्वका प्रशासनहरुलाई र प्रशासनका नैतिक आयामहरुलाई केही खास कारणले प्रभाव पार्ने गरेको छ । जस्तै :

१. सरकारको आकार, आयतन, क्षेत्र र जटिलता

२. सरकारको खलापन र जवाफदेहीता

३. नैसर्गिक अधिकार र स्वतन्त्रता मागको स्तर

४. निर्वाचित सरकारको जनविश्वास

५. सर्वसाधारणको नजरमा प्रशासन

निजामती प्रशासन नै वास्तविक सरकार भएको कारणले उसले सार्वजनिक सेवा पुऱ्याउने सन्दर्भमा निश्चित आचरणगत मूल्यमान्यता अपनाउनपर्ने स्पष्ट छ ।सार्वजनिक सेवाको प्रवाह गनमार्त्र उसको नैतिक दायित्व होइन्,यस वाहेक नीति संयोजन, सामाजिक सशक्तिकरण र नागरिक सहभागिताको प्रवाहक र सहजकर्ताको भूमिका पनि उसको अभिन्न दायित्वको विषय हो । तर सार्वजनिक सेवाको प्रवाह प्रशासनको

प्रथामिक कार्य हो ।यसमा उसको जति दक्षता र प्रभावकारिता रहन्छ ।त्यती नै सरकारप्रति भरोसा बढ्ने गर्दछ ।नागरिकले सरकारवाट स्तरीय सेवा र विनम्र व्यवहार र मितव्यायिताको चाहाना राख्ने गर्दछन् ।

सार्वजनिक सेवाको प्रमुख प्रकारहरुः

- आधारभूत सेवाः स्वास्थ्य, शिक्षा, सुरक्षा, खानेपानी, सरसफाई, आवासजस्ता सेवाहरु ।
- प्रबर्द्धनात्मक सेवाः उद्योग, व्यापार, प्रचारप्रसार सम्बन्धी सेवाहरु ।
- गुणात्मक सेवाः शिक्षा, तालिम, संचार, प्रविधि सम्बन्धी सेवाहरु ।
- कल्याणकारी सेवाः सामाजिक सुरक्षा सम्बन्धी भत्ता, पेन्सन, विमा जस्ता सेवाहरु ।
- मनोरन्जनात्मक सेवाः पार्क, नाचघरजस्ता सेवाहरु ।
- परम्परागतः राजश्व संकलन, सुरक्षा, प्रतिरक्षा ।
- नियमनकारीः कानुनको तर्जुमा र कार्यान्वयन ।
- आधारभूत आवश्यकता परिपूर्तिः गास, बास र कपास ।
- मानवीय विकास सम्बन्धीः शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई ।
- कल्याणकारीः सामाजिक सुरक्षा, सामाजिक न्याय ।
- मनोरञ्जनात्मक सेवा सम्बन्धीः सिनेमा, संगित, पार्क र नाचघर ।
- प्रबर्द्धनात्मकः व्यापार, उद्योग, बजार प्रबर्द्धन ।
- सूचना तथा अभिलेख सम्बन्धीः सूचनाको संकलन, अभिलेख र सम्प्रेषण ।
- परामर्श एवम् प्रशिक्षण सेवा सम्बन्धीः परामर्श र प्रशिक्षणको कार्य ।
- पूर्वाधार सम्बन्धी सेवाः सडक, बिद्युत, सिंचाई, बसपार्क, बिमानस्थल सम्बन्धी सेवाहरु ।
- अत्यावश्यक सेवाः आगलागी, बाढी, पहिरो, भुकम्प जस्ता प्कोप आपत र संकटमा आवश्यक सेवाहरु ।
- क्षमता विकास सम्बन्धीः तालिम, शिक्षा सम्बन्धी सेवाहरु ।
- नियमन सम्बन्धी : निरिक्षण र अनुगमन सम्बन्धी सेवाहरु ।
- व्यवसायिक : बिशेषज्ञ सल्लाह, उद्योग, व्यापार र वित्तिय संस्थाबाट दिइने सेवाहरु ।

सरकारले नागरिकलाई गर्भदेखि चिहानसम्मको हरेक क्रियाकलापमा सेवा प्रवाह गर्नुपर्छ भन्ने परम्परागत मान्यातामा परिवर्तन आएको छ । पछिल्लो समयमा सरकारले त्यती काम गर्नु पर्दछ जति उसको क्षमताले

धान्न सक्दछ भनिन्छ । राज्यले नागरिकलाई सेवा प्रवाह गर्ने विषयमा विश्वमा नै दुई फरक अवधारणा अगाडी सारिएका छन् । एउटा हो–नीजि, सार्वजनिक साझेदारीको अवधारणा र अर्को हो–लोककल्याणकारी अवधारणा । आजको २१ औँ शताब्दीमा विश्वमा आएको विश्वव्यापीकरण, आर्थिक उदारीकरण र सूचना प्रविधिमा भएको विस्तारका कारण राज्यको परम्परागत भूमिकामा परिवर्तन आएको छ । सरकारको भूमिका नागरिक सुरक्षामा मात्र केन्द्रित नरही लोककल्याणकारी र विकासमूलक हुँदै सूचना र सचेतना, अध्ययन र अनुसन्धान जस्ता कार्यमा विस्तार भएको छ । राज्य वा सरकारको कार्यक्षेत्रमा भएको विस्तारले यसको भूमिका र प्रवाह गरिने सेवामा समेत विस्तार भएको पाइन्छ । यहाँ सार्वजनिक सेवाका प्रकारहरूलाई केलाउने प्रयास गरिएको छ ।

- **सुरक्षा सेवा:** जीवन, स्वतन्त्रता, सुरक्षा र सार्वभौकिताको रक्षा जस्ता विषय
- **लोककल्याणकारी सेवा:** नागरिकहरूका लागि सामाजिक सुरक्षा र सामाजिक न्याय जस्ता विषय
- **विकासमूलक सेवा:** जनताको शारीरिक तथा मानसिक अवस्थामा सुधार ल्याउने कार्य
- **मनोरञ्जनात्मक सेवा:** मानसिक तनावबाट मुक्ति, स्वस्थ्य जीवनका लागि, सामाजिक तथा संस्कृतिक विकासका लागि गर्ने कार्य
- **प्रवर्द्धनात्मक कार्य:** सरकार एक्लै विकासको ठेकदार होइन र हुन पनि सक्दैन । सरकारले विकासका साझेदारहरूलाई प्रवर्द्धन गर्नु पर्दछ ।
- **आधारभूत आवश्यकतासम्बन्धी कार्य:** नागरिकका न्युनतम आधारभूत आवश्यकता पूरा गर्ने कार्य ।
- **पूर्वाधार विकाससम्बन्धी कार्य:** आधारविनाको विकास टिकाउ र दिगो हुन सक्दैन । यसका लागि विकासका न्यूनतम सर्त वा पूर्वाधारको विकास हुन जरुरी छ । यो राज्यको एकल प्रयासबाट सम्भव पनि छैन ।
- **खोज, अनुसन्धान** तथा **सिर्जनात्मक सेवा:** राज्य पश्चगामी भएर हुँदैन । परिवर्तनलाई आत्मासात गरी अग्रगामी दिशामा अगाडि बढ्नुपर्छ ।
- **सूचना तथा सचेतकको सेवा:** राज्यले अधिकार र शक्ति नागरिकबाट प्राप्त गर्दछ भने राज्य नागरिकै सेवामा समर्पित हुने भएकाले राज्यका सबै काममा सक्रिय हुने होइन कि सचेत हुने र गराउने हो ।
- **नियमनकारी सेवा:** राज्यको शक्ति भनेको नै ऐन र कानुन हुन् । राज्यले नागरिक, सरकार र यसका निकाय एवं अन्यलाई सही ठाउँमा राख्न नियमित नियमन गर्नु जरूरी छ ।

विश्वमा औद्यौगिक क्रान्तिले ल्याएको परिवर्तनपछि सार्वजनिक सेवाको अवधारणले ठाँउपाएको देखिन्छ । औद्यौगिक क्रान्तिपश्चात् समाजमा धनी र गरीब जनतालाई समेत तीनका आधारभुत आवश्यकताको

परिपूर्ति गर्ने वातावरण राज्यले मिलाई दिनुपर्दछ, भन्ने मान्यताको विकास हुनथाल्यो ।यसै मान्यताले अन्तत : सार्वजनिक सेवाको अवधारणा विकास हुन थाल्यो । सेवा भन्नाले कुनै वस्तु वा चिजको दृष्य अदृष्य उपभोगद्धारा प्राप्त गरिने लाभलाई जनाउछ । सेवा सशुल्क जस्तो पनि हुनसक्छ ।विश्वमा औद्योगिक क्रान्तिले ल्याएको परिवर्तनपछि सार्वजनिक सेवाको अवधारणाले ठाउँ पाएको देखिन्छ । औद्योगिक क्रान्तिपश्चात् समाजमा धनी र गरीब वर्गबीच दूरी बढ्न थाल्यो र, गरीब जनतालाई समेत तिनका आधारभूत आवश्यकताको पूर्ति गर्ने वातावरण राज्यले मिलाइ दिनुपर्छ भन्ने मान्यताको विकास हुन थाल्यो ।यसै मान्यताले अन्ततः सार्वजनिक सेवाको अवधारणा विकास हुन पुग्यो ।

- सेवा भन्नाले कुनै वस्तु वा चिज (दृश्य वा अदृश्य) को उपभोगद्धारा प्राप्त गरिने लाभलाई जनाउँछ । सेवा सःशुल्क वा निःशुल्क जस्तो पनि हुनसक्छ,
- शाब्दिक अर्थमा हेर्ने हो भने सार्वजनिक सेवा भन्नाले मुनाफा आर्जन नगरीकन सर्वसाधारणलाई सहयोग गर्ने उद्देश्यले गरिएको काम वा सरकार वा सरकारी निकायले गर्ने कामलाई समेत जनाउँछ,
- व्यक्तिले प्राप्त गर्ने सेवामा राज्यको प्रत्यक्ष वा अप्रत्यक्ष भूमिका रहेको हुन्छ, किनकि सार्वजनिक सेवा राज्यसँग नजिकबाट जोडिएको विषय हो,
- सेवा प्रवाह अवरुद्ध भए वा बाह्यवा आन्तरिक द्वन्द्व वा विध्वंशले सेवा प्रवाहमा अनियमितता भए राज्य असफल भई पतनसम्म पनि हुनसक्छ,
- सरकारको गठन पनि जनताको सेवा गर्ने लक्ष्यका साथ भएको हुन्छ ।

राज्यको मुख्य जिम्मेवारी जनतालाई आवश्यक विविध प्रकारका सेवाहरु आफै वा अन्य संयन्त्रहरुको माध्यमद्वारा उनीहरुसमक्ष पुऱ्याउनु हो । यसको लागि सार्वजनिक सेवा प्रवाहको शैली-तरिकालाई सुधार्नुपर्छ भन्ने अवधारणाले विश्वमा १९८०को दशकमा निकै ठाउँ पायो सन् १९८२मा बेलायतमा प्रधानमन्त्री मार्गरेट थ्याचरले Next Step Agency को र सन् १९९१ मा प्रधानमन्त्री जोन मेजरले नागरिक बडापत्र Citizen Charter को सुरुवात गरे । यी कदमहरुलाई अन्य मुलुकहरुले समेत पछ्याए र सार्वजनिक सेवा सुधारको दिशामा सफलता हात पार्दै गए ।

- लोकतान्त्रिक शासन व्यवस्थामा जनतालाई नै शासन व्यवस्थाको सर्वाधिकार शक्तिका रुपमा स्वीकार गरिन्छ । यस्तो सर्वाधिकार शक्तिको सेवाका लागि सार्वजनिक संयन्त्रको स्थापना र विकास भएको हुन्छ ।त्यसैले सार्वजनिक संयन्त्रले जनताको हितमा काम गर्नुपर्छ । राज्य संयन्त्रले जनताका लागि विभिन्न वस्तु तथा सेवाहरुको उत्पादन तथा वितरणको व्यवस्था गरेको हुन्छ ।यसरी जनतामा सेवा पुऱ्याउने मुख्यत तीनओटा अवधारणाहरु छन् ।

औद्यौगिक क्रान्तिपश्चात समाजमा धनी र गरीब जनतालाई समेत तीनका आधारभुत आवश्यकताको परिपूर्ति गर्ने वातावरण राज्यले मिलाई दिनुपर्दछ भन्ने मान्यताको विकास हुनथाल्यो ।यसै मान्यताले अन्ततः सार्वजनिक सेवाको अवधारणा विकास हुन थाल्यो । सेवा भन्नाले कुनै वस्तु वा चिजको दृष्य- अदृष्य उपभोगद्धारा प्राप्त गरिने लाभलाई जनाउँछ । सेवा सशुल्क जस्तो पनि हुनसक्छ ।विश्वमा औद्योगिक क्रान्तिले ल्याएको परिवर्तनपछि सार्वजनिक सेवाको अवधारणाले ठाउँ पाएको देखिन्छ । औद्योगिक क्रान्तिपश्चात समाजमा धनी र गरीब वर्गबीच दूरी बढ्न थाल्यो र गरीब जनतालाई समेत तिनका आधारभूत आवश्यकताको पूर्ति गर्ने वातावरण राज्यले मिलाईदिनुपर्छ भन्ने मान्यताको विकास हुन थाल्यो ।यसै मान्यताले अन्ततः सार्वजनिक सेवाको अवधारणा विकास हुन पुग्यो । राज्यले नागरिकलाई सेवा प्रवाह गर्ने विषयमा विश्वमा विश्वमा नै दुई फरक अवधारणा अगाडी सारिएका छन् । एउटा हो–नीति, सार्वजनिक साझेदारीको अवधारणा र अर्को हो–लोककल्याणकारी अवधारणा ।

नेपालमा सार्वजनिक सेवा प्रवाहका लागि संबैधानिक/कानुनी/नीतिगत आधारहरु

क) नेपालको संविधान २०७२ का विभिन्न प्रावधानहरुतथा व्यवस्थापिका, न्यायपालिका र संबैधानिक निकायहरु ।

ख) नेपाल सरकारको कार्यसम्पादन र कार्यबिभाजन नियमावली । सुशासन ऐन २०६४, सूचनाको हक सम्बन्धी ऐन २०६४ -प्रशासनिक ऐन नियमहरु ।

ग) सार्वजनिक संस्थान सम्बन्धी ऐन नियमहरु

- आर्थिक ऐन (प्रत्येक बर्ष आउने) ।
- सरकारी निर्णय प्रकृया सरलीकरण निर्देशिका, २०६५
- आवधिक योजना, तत्कालिन कार्यक्रम र नेपाल सरकारका निर्णयहरु
- राजनैतिक दलहरुका घोषणापत्र/प्रतिबद्धतापत्रहरु
- नेपाल सरकारले सहमति/स्वीकृति जनाएका अन्तराष्ट्रिय प्रतिबद्धताहरु ।

घ) सरकारी संस्था (नीति र कार्यान्वयन)

- नेपाल सरकारका मन्त्रालयहरु -बिभिन्न मन्त्रालय अन्तर्गतका विभागहरु - क्षेत्रिय कार्यालयहरु - जिल्ला स्थित बिषयगत कार्याललयहरु - इलाका कार्यालयहरु/सेवा केन्द्रहरु/उपस्वास्थ्य चौकीहरु संवैधानिक निकायहरु- लोकसेवा, निर्वाचन, अख्तियार, मलेप, मानव अधिकार सार्वजनिक संस्थानहरुः बिद्युत प्राधिकरण, खाद्य संस्थान, वित्तिय संस्थाहरु

ङ) स्थानीय निकायहरु

- गाउँपालिका जिल्ला विकास समन्वय-नगरपालिका

च) गैरसरकारी, सामुदायिक संस्थाहरु, स्थानिय, राष्ट्रिय र अन्तराष्ट्रिय

- नेपालको अन्तरिम संबिधान २०६३ र नेपालको संविधान २०७२ ले प्रभावकारी र निष्पक्ष सेवा प्रवाहमा जोड दिएको छ । केही सेवाहरुलाई मौलिक हकका रुपमा समेत स्थापित गरिएको छ ।
- आवधिक योजना, सरकारको बार्षिक नीति र कार्यक्रम एवम् बार्षिक बजेटका माध्यमबाट सार्वजनिक सेवालाई जनमुखी, प्रतिष्पर्धी र नतिजामा आधारित बनाउने निरन्तर प्रयास गरिएको छ ।
- सुशासन (संचालन तथा व्यवस्थापन) ऐन र नियमावलीको सेवा प्रवाहका बिषयमा विविध व्यवस्थाहरु गरेको छ ।
- उपभोक्ता संरक्षण ऐनको माध्यमबाट सेवा पाउने बिषयलाई व्यवस्थित गरिएको छ ।
- देशलाई भौगोलिक आधारमा क्षेत्र, जिल्ला, इलाका, गा.बि.स. र वडासम्म बिभाजन गरिएको कारणले सेवा प्रवाहको कार्य सरल भएको छ ।विकेन्द्रिकरण, अधिकारको प्रत्यायोजन र निक्षेपणका बिषयहरु कार्यान्वयनमा छन् ।
- निजी क्षेत्र र गैरसरकारी क्षेत्रलाई समेत सरकारको अत्यावश्यक उपस्थिति आवश्यक नहुने सेवामा प्रोत्साहन गरिएको छ ।
- उपभोक्ता समिति र घुम्ति सेवा जस्ता बिषय प्रयोगमा छन् ।
- नागरिक वडापत्र, गुनासो सुन्ने अधिकारी, प्रवक्ताको व्यवस्था, सार्वजनिक सुनुवाई र उजुरी पेटीका जस्ता बिषय कार्यान्वयनमा रहेका छन् । निजामति सेवा ऐन र नियमावलीको एक महत्वपूर्ण उद्देश्य सेवा प्रवाह हो ।
- सार्वजनिक हित वा उद्देश्य ।अदृश्य, विषयमा विविधता र छुट्यान नसकिने ।सार्वजनिक स्रोतको प्रयोग । नास भएर जाने र धेरै निकाय र कार्यालयबाट दिइने ।सार्वजनिक क्रियाकलाप र उत्तरदायित्व । राज्य र सरकारको मूल्याङ्कनको आधार ।
- सार्वजनिक नीति र निर्णयबाट प्रभावित । सरकारी निकायको केन्द्रिय भूमिका हुने एवम् सरकारी निकायबाट मूल रुपमा व्यवस्थापन हुने

सार्वजनिक सेवा वडापत्रका तत्व/अंगहरु

१. सेवा (Service)

२. लागत र लाग्ने समय (Cost and time)

३. प्रकृया (Process)

४. गुनासो सुनुवाई व्यवस्था (Complain)

५. क्षतिपूर्ति व्यवस्था (Compensation)

सार्वजनिक सेवा वडापत्रले के गर्छ रु

१. सेवा प्रवाहको मापदण्ड निर्धारण गर्छ,

२. सार्वजनिक सेवा प्रवाह सम्बन्धी सूचनामा खुल्लापन कायम गर्छ,

३. छनौट र परामर्शको अवसर प्रदान गर्छ,

४. सेवा प्रदायक सेवाग्राही सम्बन्ध बिस्तार/सुधारमा सघाउँछ,

५. गुनासो सुनुवाई व्यवस्थालाई दरिलो बनाउँछ, ६.सेवा प्रवाहमा हुने विभेदको अन्त्य गर्न सहयोग पुऱ्याउँछ,

७. सेवामा सबैको पहुँच बृद्धि गर्दछ ।

सार्वजनिक सेवा वडापत्रका कार्यहरु (Functions)

१. सेवा प्रवाहका मापदण्ड निर्धारण गर्छ (Service Standard): सार्वजनिक सेवा वडापत्रले सेवा प्रवाहको स्वीकार्य मापदण्ड तयार गरी सार्वजनिक गर्न सार्वजनिक निकायलाई मद्धत पुऱ्याउँदछ । उक्त मापदण्डको आधारमा सेवाग्राहीले सार्वजनिक निकायबाट प्राप्त गर्न सक्ने सेवाहरुको पूर्वानुमान गर्न सक्दछ । साथै यसबाट सेवा प्रवाहको गुणस्तर सुधार गर्न समेत मद्धत पुग्दछ ।

२. सार्वजनिक सेवा तथा सेवा प्रवाह सम्बन्धि सूचना/जानकारीमा खुल्लापन कायम गर्छ (Information and openness): सेवा वडापत्रले कार्यालयबाट प्रदान हुने सेवा उक्त सेवा प्रवाह प्रकृया सम्बन्धी जानकारी सार्वजनिक गर्दछ जसले सेवाग्राहीलाई सचेत र सशक्तिकरण गर्न मद्धत पुऱ्याउँदछ । साथै यसले सूचनाको हकलाई सार्थक बनाउँदै पारदर्शिता प्रबर्द्धन गर्न तथा सेवालाई सबै सरोकारवालाको पहुँच (Access) मा पुऱ्याउन समेत मद्धत पुऱ्याउँदछ ।

३. छनौट र परामर्शको अवसर प्रदान गर्छ (Choice and Consultation): सेवा वडापत्रले सेवाग्राहीलाई आफ्नो आवश्यकता बमोजिमको उपयुक्त सेवा छनौट गरी प्राप्त गर्न तथा सेवा तथा सेवा प्रवाह प्रणालीमा परिमार्जन/सुधार गर्न परामर्श वा पृष्ठपोषण दिने अवसर समेत प्रदान गर्दछ ।

४. सेवा प्रदायक - सेवाग्राही सम्बन्ध बिस्तार/सुधार गर्न सहयोग पुऱ्याउँदछ (Relation enhancement): सेवा वडापत्र सेवाग्राहीको हक अधिकार स्थापित गर्न विकास गरिएको अवधारणा हो । यसले सहयोगी सेवा प्रदायकको मान्यता राखेको हुन्छ । सेवा प्रदायकको सहयोगीपनाले सेवा प्रदायक तथा सेवाग्राही बिचको सम्बन्ध सुमधुर गर्न आत्मिय बनाउन मद्धत गर्दछ ।

५. गुनासो सुनुवाई व्यवस्थालाई दरिलो बनाउँदछ (Provision of Redressal of of grievance): सेवावडापत्रमा उल्लेखित समयमा गुणस्तरिय रुपले सेवा प्राप्त नभए गुनासो गर्न तथा सो को सुनुवाई हुने व्यवस्था सेवा वडापत्रमा गरिएको हुन्छ । यसबाट सेवा प्रवाहक्रमको भएका कमीकमजोरी तत्काल सच्याउन आधार मिल्दछ साथै भावी सुधारका लागि मार्गदर्शन समेत प्राप्त हुन्छ ।

